संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३२६, ● अंक १८ ● २०८१ साल असार १-१५ गते (15 June, 29 June, 2024) ● मूल्य रु. १०

## सिके राउत कसरी हुनुभयो

# उपेन्द्र यादवको प्रमुख शत्रु ?

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालको हालै महाधिवेशन सम्पन्न भएको छ । जेठ २८ गतेदेखि ३० गतेसम्म धनुषाको जनकपुरधाममा सम्पन्न महाधिवेशन शानदार रुपमा सम्पन्न भएको पार्टीका नेताहरुको दावी छ ।

महाधिवेशनको मिति घोषणा भइसकेपछि जसपा नेपाल विभाजन भयो । विभाजन भएपछि पार्टीको महाधिवेशन कस्तो हुने हो भनि सबैमा आशंका थियो तर सोचेभन्दा धेरै सफल भयो महाधिवेशन । महाधिवेशनमा महासचिवको उम्मेदवारी दिनुभएका मनिष सुमनले पार्टी विभाजन भएको छ भनि जिरो प्रतिशत पनि अनुभुती भएन, नेता तथा कार्यकर्ताको उत्साहजनक सहभागिता थियो जसले पार्टी विभाजनलाई रिजेक्ट गरेको दावी गर्नुभयो ।

महाधिवेशनले के के गऱ्यो के गरेन त्यो बेग्लै कुरा हो तर यो महाधिवेशनले पार्टी एक ढिक्का रहेको कुराको सन्देश दिन सफल भएको मधेश प्रदेशका सांसद रामअषिश यादवले बताउनुभयो । सायद पार्टी विभाजन नभएको भए यस्तो उत्साहजनक सहभागिता हुने थिएन भनि बुझाइ जसपा नेपालको रहेको छ ।

जसपाले अध्यक्षमा उपेन्द्र यादवलाई सर्वसम्मती गरेको छ भने अन्य पदको बारेमा अध्यक्ष यादवले नै चयन गर्ने बताइएको छ । पदाधिकारीदेखि लिएर केन्द्रीय सदस्यसम्म सबै चयन गर्ने जिम्मवारी अध्यक्ष यादवले पाउनु भएको छ । महाधिवेशनमा अध्यक्ष यादवले राजनीति प्रतिवेदन पेस गर्नुभएको थियो । सो प्रतिवेदनमा देशका लगभग सबै पार्टीको बारेमा केही नकेही उहाँले टिप्पणी गर्नुभएको छ तर डा.सिके राउत नेतृत्वको जनमत पार्टीको बारेमा केही बोल्नुभएको छैन । राजनीतिक दस्तावेजमा केही नबोलेपनि महाधिवशेन समापनको दिन आफ्नो मन्तव्य राख्ने क्रममा अध्यक्ष यादवले अहिलेको अवस्थामा जसपा नेपालको प्रधान सत्रु जनमत पार्टी रहेको घोषणा गर्नुभयो ।

सो घोषणाले जसपा नेपाल र त्यसका अध्यक्ष उपेन्द्र यादवको निकै आलोचना भयो । मधेशमा उपेन्द्र यादव र सिके राउत बिच आजको द्वन्द होइन । सिके राउत राजनीतिमा आएदेखि नै द्वन्द देखिएको हो । स्वतन्त्र मधेशका लागि आन्दोलन गर्दा पनि सिके राउतको पहिलो निशाना उपन्द्र यादव र उहाँ नेतृत्वको पार्टी हुन्थ्यो । मूलधारमा आएपछि सिके राउतले वर्ग सत्रु जस्तै व्यवहार जसपा नेपालसँग गर्न थाल्नुभयो । पटक पटक दुवै पार्टीका नेताहरुको बिचमा झडप हुनुको साथै एक अर्काको पार्टी सिध्याउने स्तरमा गतिविधि हुन थाल्यो ।

२०७९ को चुनावमा सिके राउतले उपेन्द्र यादललाई हराएपछि उहाँको मनोबल झन बढ्यो । बारा-२ का भएको उपचुनावमा उपेन्द्र यादव उठ्दा त्यहाँ पनि सिके राउत अरु पार्टीबाट पनि मान्छे ल्याएर उम्मेदवारी दिन लगाउनु भएको थियो । त्यहाँ पनि उपेन्द्रलाई हराउन पुरा शक्ति लगाई सक्नु भएको थियो । तर त्यहाँ सक्नु भएन ।

त्यसपछि संघीय तथा प्रदेश सरकारमा पनि जसपा नेपाल र जनमत पार्टीबिच पटक पटक द्वन्द भयो । एक अर्कालाई कसरी कमजोर बनाउन सकिन्छ त्यसका लागि कुनै कसर बाँकी नै राखेन । अवस्था यहाँसम्म आइपुग्यो उपेन्द्र यादवले महाधिवेशनबाट जनमत पार्टीलाई आफ्नो प्रधान सत्रु घोषणा गर्नुभयो ।

> ▶ पृथक्तावादी आन्दोलन त्यागेर मूलधारको राजनीतिमा आएसँगै २०७५ सालमा सिके राउतले पार्टीको नाम परिवर्तन गर्नुभयो । 'स्वतन्त्र मधेश गठबन्धन' को नाम परिवर्तन गरेर 'जनमत पार्टी' बनाए अनि निर्वाचनकेन्द्रित राजनीतिक गतिविधि पनि शुरू गर्नुभयो । २०७९ सालको निर्वाचनबाट जनमत पार्टी नयाँ शक्तिका रूपमा देखा पऱ्यो
>
> ▶ जसपा र जनमतको विवाद भने पाँच वर्ष पहिले नै शुरू भएको थियो । त्यतिबेला सिके राउतले 'मधेश स्वराज' को अभियान चलाइरहनु भएको थियो । २०७५ भदौ ७ मा तत्कालीन संघीय समाजवादी फोरमले बर्दियामा आयोजना गरेको कार्यक्रममा अध्यक्ष एवं तत्कालीन उपप्रधानमन्त्री उपेन्द्र यादवले सम्बोधन गर्ने कार्यक्रम थियो । त्यति खेर राउतका कार्यकर्ताले यादवलाई कालोझन्डा देखाए

मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासको विषयलाई लिएर प्रदर्शनमा उत्रिएका जनमत पार्टीका नेता-कार्यकर्ता तथा प्रहरीबीच २०८० माघ ८ मा सप्तरीको राजविराजमा झडप भयो । यसरी देखिने गरी दुवै पार्टी आमुने सामुने आएको पहिलो पटक हो । सो झडपमा मधेश सरकारका तत्कालिन शिक्षामन्त्री महेशप्रसाद यादव र प्रदेश सभा सदस्य एवं हालका मुख्यमन्त्री सतीशकुमार सिंह लगायत नेता तथा कार्यकर्ता घाइते हुनुभएको थियो ।

यस घटनापछि माघ १० मा जनमत पार्टीले मधेश सरकारलाई दिएको समर्थन फिर्ता लियो भने मन्त्रीहरूले राजीनामा दिनुभयो । प्रदेश सभामा जनमतका १३ सांसद छन् ।

**उपेन्द्र यादव किन निशानामा ?**

पृथक्तावादी आन्दोलन त्यागेर मूलधारको राजनीतिमा आएसँगै २०७५ सालमा सिके राउतले पार्टीको नाम परिवर्तन गर्नुभयो । 'स्वतन्त्र मधेश गठबन्धन' को नाम परिवर्तन गरेर 'जनमत पार्टी' बनाए अनि निर्वाचनकेन्द्रित राजनीतिक गतिविधि पनि शुरू गर्नुभयो । २०७९ सालको निर्वाचनबाट जनमत पार्टी नयाँ शक्तिका रूपमा देखा पऱ्यो । मधेश प्रदेश सभामा बलियो शक्तिका रूपमा जनमत उदाउँदा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जसपा भने खुम्चिए । जसपाले १९ र लोसपाले नौ सीट मात्रै जिते ।

पार्टी स्थापनादेखि नै जसपालाई मुख्य प्रतिस्पर्धी ठानेर राजनीतिक गतिविधि शुरू गरेको जनमत पार्टीले स्थानीय तह, प्रदेश

**बाँकी पृष्ठ ८ मा**







**यस भित्र**



देशको अवस्था छैन प्रगतितिर्फ ● लेख, पृष्ठ ४



काम गर्न दिने भन्दा कामलाई डिस्टर्ब गर्ने धेरै छन् ● अन्तरवार्ता, पृष्ठ ५



मैथिलीमा नयाँ स्वाद भर्दै प्रवेश मल्लिक ● मध्यपृष्ठ, पृष्ठ ६



बिहे गर्दैछिन् सोनाक्षी ● पृष्ठ ९



मधेसी जनताको सल्लाह अनुसार अगाडि बढ्छु ● पृष्ठ १०

# अभिमत

## सम्पादकीय

# दिवा खाजामा झेल

शिक्षा मन्त्रालयको २०७० को एउटा तथ्यांक अनुसार नेपालमा शिक्षाको विकासका लागि भएका विभिन्न प्रयासहरूले गर्दा ९५.३ प्रतिशत बालबालिका विद्यालयमा रहेको अवस्था छ भने ४.७ प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर छन् । ती बालवालिकालाई विद्यालयभित्र ल्याउन र टिकाइ राख्न गरिएका विभिन्न प्रयासहरूमध्ये विद्यालयको दिवा खाजा कार्यक्रम एउटा महत्वपूर्ण प्रयास रहेको छ । यो कार्यक्रमको मुख्य अभिप्राय खासगरी कक्षा १-५ सम्मका बालबालिकाहरूको भर्ना दर बृद्धि गर्ने, विद्यालयमा बालबालिकालाई टिकाइ राख्ने, बालमैत्री सिकाइ व्यवस्थापन गर्ने जस्ता महत्वपूर्ण पक्षहरु रहेका छन् । विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोगमा शिक्षाका लागि खाद्य कार्यक्रम अन्तरगर्त नेपाल सरकारले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु मार्फत् आ.व. २०६४/०६५ देखि कर्णाली अञ्चलका ५ वटै जिल्लाका सामुदायिक विद्यालयहरूमा तथा आ.व. २०६५/०६६ मा अन्य जिल्लाहरूमा दिवा खाजा कार्यक्रमको विस्तार गरेको छ । सरकारले सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी भर्ना दर बृद्धि गर्न, शिक्षण सिकाइमा प्रभावकारीता हासिल गर्न, विद्यालय समयमा विद्यार्थीको टिकाउपन बढाउन, पोषण र स्वास्थ्य स्थितिमा सुधार तथा बालमैत्री सिकाइ व्यवस्थापन जस्ता पक्षहरूमा सुधार ल्याउन दिवाखाजा कार्यक्रम लागु गरिएको हो (विद्यालयमा दिवाखाज कार्यक्रमको व्यवस्थापना सन् २०२३) ।

नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेको निशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानुनी रूपमा स्थापित गरेको छ । 'स्वास्थ्य शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ' भन्ने मान्यतालाई आत्मसात गर्दै नेपाल सरकारले आर्थिक वर्ष २०७७-२०७८ देखि देशभरका सबै सामुदायितक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकासदेखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न वजेट विनियोजन गरेको थियो । विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका अनुसार नेपाल लगायतका विश्वका धेरै देशहरूमा दिवा खाज कार्यक्रमको प्रभाव सकारात्मक देखिएको छ । दिवा खाज खुवाएका विद्यालयमा गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनले बंगलादेशमा १४.२ र अफ्रिकी देशमा १० प्रतिशत विद्यार्थी भर्ना दर बढेको देखिन्छ । चीनमा तीन हजार ६०० विद्यार्थीहरूमा गरिएको अध्ययनले दिवा खाजाले हेमोग्लोविन बढेको र गणित विषयमा सिकाइ उपलब्धी अन्य बालबालिकाको तुलनामा राम्रो देखाइएको छ । सन् २०१८ मा नेपालमा गरिएको अध्ययनले दिवा खाजा खुवाएको विद्यार्थीहरू दिवा खाजा नखुवाएको अन्य विद्यार्थीको तुलनामा ०.८८ वर्ष विद्यालयमा बढी समय टिकेको पाइएको छ । नेपालको दिवा खाजा कार्यक्रममा भएको प्रत्येक एक डलर बराबरको लगानीले ५.२ डलर बराबरको प्रतिफल दिने कुरा लागत लाभ विश्लेषणले देखाएको छ ।

शिक्षा क्षेत्रमा यो कार्यक्रम यतिको प्रभावकारी भए पनि यसबाट जति आशा गरिएको थियो त्यो पुरा भएको पाइदैन । विद्यालयमा सबभन्दा बढी बदनाम भएको कार्यक्रम नै यो दिवाखाजा कार्यक्रम हो । स्कूलका व्यवस्थापन, हेडमास्टरलगायत अन्य मास्टरहरूका लागि कमाइ खाने भाँडो भएको छ । विद्यार्थी सँख्या बढी देखाएर रकम निकास गरी त्यसमा अनियमितता गरेको पाइएको छ भने तोकिएको मापदण्डभन्दा फरक ढंगबाट खाजाको व्यवस्था गरेर पनि अनियमितता देखाएको विभिन्न अध्ययनबाट पुष्टि भएको छ ।

खाजा नै नखुवाइकन बजेट पेस गरेर भ्रष्टाचार गरेको कुरा पनि बेलाबेलामा बाहिर आउने गरेका छन् । यहाँसम्म कि कोरोना संक्रमणका कारण २०७६ चैत ११ गतेबाट लकडाउन भई विद्यालय बन्द रहेको अवस्थामा पनि देशभरका ४१ वटा स्थानीय तहले विद्यालयलाई रकम निकासा गरेको पाइएको हो । त्यसमध्ये सबभन्दा बढी मधेश प्रदेशका १० वटा स्थानीय तह रहेका छन् । घतलाग्दो कुरा त्यतिबेला भयो जतिबेला दिवा खाजा रकम विद्यालयलाई निकासा दिंदा अभिभावकलाई नगदै वितरण गर्ने व्यवस्था छैन तर रौतहटस्थित परोहा नगरपालिकाले अभिभावकलाई नगदै बुझाउने गरी दिवा खाजा वापत एक करोड १७ हजार निकासा गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । एक त दिवा खाजाका लागि दिएको वजेट नै निकै कम छ । त्यसमा पनि विद्यालयले बेइमानी गरेको विभिन्न अध्ययनले देखाएको छ । यो कार्यक्रम शिक्षा सुधारका लागि निकै प्रभावकारी देखिएको छ तर विद्यालयका व्यवस्थापन तथा शिक्षाका कारण बदनाम हुँदै गइरहेको छ ।

## तथ्यांक आफै बोल्छ

### नेपाल सरकारको राजस्व संकलन

(रु. करोडमा)

| शीर्षक | रकम | | | प्रतिशत परिवर्तन | | संरचना | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८०अ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| मूल्य अभिवृद्धि कर | २८२०१.९ | ३१४२७.९ | २८६१९.८ | ११.४ | -८.९ | २८.२ | २८.३ |
| भन्सार | २२३८६.२ | २४२०३.० | १८२५३.१ | ८.१ | -२४.६ | २१.७ | १८.१ |
| आयकर | २३००७.७ | २५९९९.० | २५१८१.९ | १३.० | -३.१ | २३.३ | २४.९ |
| अन्त:शुल्क | १३३७८.० | १६६७९.० | १४३०६.८ | २४.७ | -१४.२ | १५.० | १४.२ |
| शिक्षा सेवा शुल्क | ३६.८ | १२४.१ | २००.३ | २३७.५ | ६१.४ | ०.१ | ०.२ |
| अन्य कर | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| गैर कर राजस्व | ६८२१.४ | ८१०१.० | ९१५३.४ | १८.८ | १३.० | ७.३ | ९.१ |
| **कुल राजस्व** | **९३८३२.१** | **१०६५३४.०** | **९५७१५.४** | **१३.५** | **-१०.२** | **९५.६** | **९४.७** |
| अन्य प्राप्ति | ४०४३.३ | ४८५०.० | ५३२४.१ | २०.० | ९.८ | ४.४ | ५.३ |
| **कुल राजस्व/प्राप्ति** | **९७८७५.४** | **१११३८४.०** | **१०१०३९.४** | **१३.८** | **-९.३** | **१००.०** | **१००.०** |

* अन्य करमा सडक मर्मत र सुधार शुल्क, सडक निर्माण तथा मर्मत शुल्क, फर्म र एजेन्सी दर्ता शुल्क र स्वामित्व प्रमाणपत्र शुल्क समावेश गरिएको छ ।
अ: अपरिष्कृत
स्रोत :अर्थ मन्त्रालय

## पाठक पत्र

saharatimes.com.np@gmail.com


सहारा टाइम्स
उत्तरी नाका खुले पनि चीन अझै सशंकित
मधेश प्रदेशमा जसपा नेपालले गरेको कामको लेखजोखा • लेख, पृष्ठ ४
विचरा फुटेनेहरुलाई पनि थाह छैन कि किन फुटेको हुँ • अन्तरवार्ता, पृष्ठ ५
पत्रकारिताका लागि घरमा विद्रोह गर्नुभएका अर्चना • मध्यपृष्ठ, पृष्ठ ६
संकटमा मात्र महन्थलाई सम्झिने उपेन्द्र मधेशमा यसरी एक्लिए • पृष्ठ १०
नवलपरासी र कैलालीमा आलु उत्पादनमा वृद्धि • पृष्ठ ११

### भारतले गरेको भए के हुन्थ्यो ?

चीनले नेपालसँग जुन व्यवहार गर्छ त्यो व्यवहार यदि भारतले गरेको भए नेपाल-भारत बिचमा युद्ध नै हुन्थ्यो । भारतले एक पटक नाकाबन्दी गर्दा पुरै देशमा हलचल नै मचेको थियो । भारतले कहिले काही केही कारणले कुनै समान रोक्दा त्यो नेपालको लागि ठूलो इस्यु बन्छ । तर चीनले दिनहुँ यस्तो गर्छ । त्यसको बारेमा कसैले केही बोल्दैन । सरकारलाई यसको बारेमा केही जानकारी पनि हुँदैन । जानकारी भएपनि यसको बारेमा कसैले चर्चा पनि गर्दैन । भन्नलाई नेपाल-चीनको बिचमा १८ वटा नाका छन् तर ती सबै प्राय बन्द नै रहने गरेका छन् । तातोपानी जस्ता मुख्य नाका प्राय बन्द नै हुन्छ कहिले कुन बहानामा त कहिले कुन बहानामा नाका बन्द नै गरिरहेका हुन्छन् । नाकाबन्दी गर्दा व्यपारमा धेरै असर गरेका हुन्छन् । नाकाबाट आयात हुने समान महिनौसम्म रोकिन्छ त्यसले यहाँको व्यपारमा असर पारेको हुन्छ । त्यो त व्यपारिक नाका भयो । साना नाका वरपर बस्ने नेपालको जीवन यापन तिब्बत बजारको खासाबाट चल्छ । तिब्बती बजार भएन भने नेपालीहरुको घरमा चुल्हो बल्दैन । तर चीनले प्राय ती नाकाहरु बन्द गरिरहन्छ । नेपालीले त्यसबाट निकै दुख पाइ रहेका हुन्छन् । सीमामा बस्ने नेपाली तथा चिनियाँ नागरिकलाई बिना रोकटोक एक अर्काका देश जान दिनुपर्छ भनि दुवै देशको बिचमा एउटा सहमती नै भएको छ । तर चीनले त्यो सहमतिको उल्लंघन गरिरहेको हुन्छ । जतिबेला मन लाग्यो, त्यतिबेला नाका खोल्ने, जति बेलामा बन्द गर्ने गरिरहेका हुन्छ, त्यसले नेपाली जनता एकदमै दुख पाइरहेका छन् । कल्पना गर्नुस् त यदि भारतले यस्तो गरेको भए के हुन्थ्यो ?

*दिलिप सहनी, बारा, कलैया, हाल: बल्खु, काठमाडौं*

### नेपालीलाई दुख दिने चिनियाँ नाका

चीनले नेपालमाथि पटक पटक नाकाबन्दी गरिरहेका हुन्छन् तर यसको विरुद्धमा न नेपाली जनता बोलेका छन् नराज्यले बोलेको छ । हिमाली क्षेत्रका जनताको बजार नै तिब्बती बजार हो । त्यसको दैनिकी त्यहीबाट चल्छ । त्यो नाका बन्द भएपछि नेपाली जनता कति दुख पाइरहेका छन् सहजै अनुमान गर्न सकिन्छ । सीमा क्षेत्रका जनता चिनियाँबाट बेलाबेलामा दुख पाएको समाचारहरु बाहिर आएकै हुन्छन् । चिनियाँ बजारमा सहजै आउजाउ गर्न पाउने भनि दुई देश बिच सम्झौता भएको हो तर नाकाबाट चिनियाँ बजार जाँदा नेपालीहरु उनीहरुबाट कम्ती हप्की दप्की खाएको हुँदैन । एक त सीमा नाका कट्दा अनेक सोधपुछ तथा परिचयपत्र देखाउनुपर्ने हुन्छ । भित्र छिरेपछि पनि चिनियाँहरुबाट अनेक किसिमले अपमानित हुनुपरिहेको हुन्छ । तर चिनियाँ नागरिकहरु नेपालमा आउँदा उसले केही पनि देखाउनु पर्दैन, निर्वाध रुपमा आउजाउ गरेका हुन्छन् न नेपाल प्रहरीले रोकेका हुन्छन् न चिनियाँ सुरक्षाकर्मीले । सीमा नाकामा नेपालीले मात्र दुख पाउने गर्छन् चाहे नेपाल-भारतको सीमा नाका होस् या नेपाल-चीनको नाका होस् । दुख पाउने नेपाली मात्र हुन् । भारतले नाकाबन्दी गर्दा विश्वमै हल्ली खल्ली हुन्छ तर चीनले नाकाबन्दी लगाउँदा हिमाली क्षेत्रका जनता जो नाकामा बस्छन् त्यो बाहेक अरु कसैले थाह पाउदैन ।


*सरोज पासवान, समाखुशी काठमाडौ*

### महन्थ ठाकुरले गर्नुपर्ने

महन्थ ठाकुर मधेशका लागि चाहिने नेता हुनुहुन्छ । उहाँ त्यागी नेता र मधेशको मुद्दाप्रति प्रतिवद्ध नेता हुनुहुन्छ । उहाँको पार्टी कमजोर हुनुको कारण उहाँको सोझोपना हो । उहाँले अरु पार्टीका नेता जस्तो राजनीति गर्न चाहनु भएको छैन । उहाँ कांग्रेस पार्टीमा पनि महन्थ जस्तै हुनुहुन्थ्यो । आफ्नो कामसँग मतलब राख्ने आफ्नो मिसनसँग मतलब राख्ने । पार्टीले दिएको जिम्मेवारी पुरा गर्ने, अर्थात एउटा सिपाहीको जस्तो आफ्नो कर्तव्य पुरा गर्ने नेतामा उहाँ पर्नुहुन्छ । उहाँले कुनै लप्पन छप्पन गर्न जान्नु भएको छैन । सिद्धान्तको राजनीति गर्नुहुन्छ । सिद्धान्तको राजनीति गर्नेको पार्टीमा भिडभाडा हुँदैन तर पार्टीको फाउण्डेशन बनेको हुन्छ । त्यही कारणले उपेन्द्र यादवले पटक पटक महन्थ ठाकुरलाई गुहार्नुभएको छ । जब जब पार्टीमा संकट आउँछ तब तब सबभन्दा पहिले उपेन्द्र यादवले खोज्ने व्यक्ति नै महन्थ ठाकुर हुनुहुन्छ । र महन्थ ठाकुरले पटक पटक उहालाई साथ दिनुभएको छ । महन्थ ठाकुरका केही कमजोरी पनि छन् उहाँले त्यो कमजोरी सुधार गर्दिनुभयो भने सबभन्दा सुन्दर र साफा पार्टी उहाँकै बन्नसक्छ । एक नम्बरमा उहाँले आफ्नो परिवारलाई राजनीतिभन्दा टाढा राख्नुपर्छ र दोस्रो नम्बरमा भारतसँगको सम्बन्धलाई उहाँले समानदुरीको बनाउनुपर्छ । उहाँमा यी दुईटा कमजोरी मात्र छन् । त्यसबाहेक उहाँ मधेशको मुद्दाप्रति सबभन्दा बढी प्रतिवद्ध र सबभन्दा इमान्दार हुनुहुन्छ भने उहाँमा अडान पनि देखिएको छ ।

*अजय यादव, पर्सा, घण्टाघर वीरगञ्ज*

## फेसबुक



**सीताराम अग्रहरी**
**उपेन्द्र जीलाई सुझाव**

उपेन्द्रजी र जसपाका लागि Misfortune comes in battalion जस्तै भइराखेको छ अहिले । माधव नेपालले पनि अन्तत: अडान लिन सकेनन् । तथापी यो विपत्ति पनि जसपाका लागि एउटा अवसर हुनसक्छ । चिन्ता भन्दा पनि यो बेला दुखद भए पनि दुखको हैन यो गहन आत्मचिन्तनको घडी हो । उनमा अझ केही बांकी छ, अब सिद्ध गर्नसक्नु पर्दछ । पूरा मनले, पूरा ताकतले लड्नसक्ने माहोल तयार गर्नुपर्छ, समझौतावादी हैन कि तिख्खर, पुराना लड़ाकु साबित हुनसक्नुपर्छ । के उनी र पार्टी यो संकटबाट उक्लिन सक्छन त ? ठूलो प्रश्न हो यो । मेरो विचारमा इन्ग्रेडिएंट्स त छ प्रश्न कार्यदिशाको छ र सोचको छ । सोच परीक्षणमा छ ।

मलाई लाग्दछ, अमेरिकाबाट फर्केपछि उनको line या thinking सही रहेन । उनी धेरै डिफेंसिव भए, प्रचण्ड/ओलीसमक्ष लगभग याचनाको मुद्रामा प्रस्तुत भए । महाराष्ट्रमा मोदी-साहले ठाकरे र पवारको पार्टी तहस नहस गरिदिंदा उनीहरुले काउन्टर अटेक गरे र चुनावमा औकात देखाइ दिए । उपेन्द्रजीले नक्कली कम्युनिस्टहरुसँग आजिवन सम्बन्ध बिच्छेद गर्ने घोषणा गर्नसक्नु पर्थ्यो/पर्छ । तर उनको पनि समस्या छ कार्यशैली र सोचपद्धतिमा आमूल परिवर्तनको खाँचो छ । कार्यकर्तामा विश्वास भर्न सक्नुपर्दछ कि
We can, Yes we can

तर अब भनेर मात्र संकटमोचन हुन गाह्रो छ । उनको body language मा हार खाएको कमांडरको गन्ध आउंछ, मार खाएर कसम लिएको योद्धा सेना नायकको एसेंस आइरहेको छैन । उनले ध्यान दिनुपर्ने कुरा

१. उनको वरिपरि चापलूसहरुकै बढी भीड छ । जेनुइन मानिस ओझेलमा छन् कि
२. टालटूले पारालै अब काम चल्न सक्दैन । (भावशून्य विचार शून्य व्यक्तिलाई दायित्व सुम्पन अघि सय पटक सोच्नुपर्छ) पछिल्ला त्रुटि, कमी कमजोरीलाई दृढ़ता र इमानपूर्वक सुधार्न संकल्पमय यात्रामा निस्किसकेको देखिनु जरुरी छ ।
३. आफ्नै परिवारको हस्तक्षेप र आकांक्षा बारे पनि आत्मसमीक्षा गर्नुपर्छ ।
४. इमानदार कार्यकर्ता र इमानदार आलोचकलाई मुटुमा राख्न सक्नुपर्छ ।
५. समाजवादी मोर्चाबाट अविलम्ब राजीनामा दिनुपर्छ र
६. जन संवादका लागि लिम्बुवानदेखि थरुवानसम्म (यसमा खसहरुसमेत हुनेछन् है) पदयात्रामा जानुपर्छ । (मधेश र मधेशी अनिवार्य भए नै)

# उपेन्द्र यादवको नजरमा काँग्रेस, एमाले, माओवादी कस्तो पार्टी ?

**(ङ) लोसपा**

**लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल समावेशीता, राष्ट्रिय पहिचान र अधिकारकारको पक्षधर लोकतान्त्रिक पार्टी हो । यो पार्टीसँग हाम्रा केही ऐजेण्डाहरू मिल्छन् । तर, यो पार्टी देश र जनताको हितमा आफ्नो निर्णय आफैं लिन सक्दैन, अर्काको मुख ताक्ने गर्दछ । तर पनि यो पार्टीसँग सहकार्य गर्न सकिन्छ ।**

जनता समाजवादी पार्टी नेपालको एकता महाधिवेशन जेठ ३० गते सम्पन्न भएको छ । त्यो महाधिवेशनले एउटा अध्यक्ष मात्र चयन गर्न सक्यो । उपेन्द्र यादव सर्वसम्मतीले अध्यक्षमा चयन हुनुभयो । महाधिवेशनले अरु पदाधिकारी तथा केन्द्रीय सदस्य चयन गर्ने जिम्मेवारी अध्यक्ष यादवलाई नै दियो । महाधिवेशन सम्पन्न भएको ३० दिनभित्र केन्द्रीय समिति चयन गरिसक्नु पर्ने प्रावधान रहेको छ ।

अध्यक्ष यादवले आफ्नो तरिकारले कार्यसमिति बनाउनु नै हुनेछ । तर उहाँले महाधिवेशनको बन्दसत्रमा प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनको चर्चा खुब भयो । सर्बसम्मतीले पारित भएको सो राजनीतिक प्रतिवेदनमा उहाँले विभिन्नत राजनीति दलको बारेमा राख्नुभएको धारणाले चर्चाको विषय बन्यो । ३१ पेजको लामो सो प्रतिवेदनमा राजनीतिक दलको आलोचनामा उहाँले तीन पेज खर्चिनु भएको छ । उहाँले काँग्रेस, एमाले, माओवादी, राप्रापा, लोसपालगायतका दलको खर्रो टिप्पणी मात्र गर्नुभएको छैन । ती दलहरुलाई भ्रष्टाचारी, कमिशनखोरीको आरोप पनि लगाउनु भएको छ ।

**काँग्रेस धर्मनिरपेक्ष विरोधी**

उहाँले काँग्रेसलाई 'उदार लोकतान्त्रिक' धारको नेतृत्व गर्ने पार्टी भए पनि व्यवहारमा त्यस्तो नदेखिएको बताउनुभएको छ । उहाँले आफ्नो राजनीतिक प्रतिवेदनमा भन्नुभएको छ, ' कांग्रेस विश्वव्यापीकरण, निजीकरण, खुला बजारमा आधारित अर्थव्यवस्था र आर्थिक उदारीकरणको पक्षमा उभिएको र अर्थतन्त्रलाई बजारमा खुला छोडिदिनुपर्छ र यसमा कुनै किसिमको नियन्त्रण हुनु हुँदैन भन्ने मान्यता राखेको छ ।'

उहाँले काँग्रेससँग आफ्नो पार्टी जसपा नेपालको मिल्ने विषय भनेको नागरिक स्वतन्त्रता र बहुदलीय व्यवस्था मात्र रहेको दस्तावेजमा उल्लेख गर्नुभएको छ । उहाँले आफ्नो दस्तावेजमा भन्नुभएको छ, 'यो पार्टी हिजो संवैधानिक राजतन्त्रको पक्षधर थियो परिस्थितिवश लतारिएर गणतन्त्रसम्म आयो, तर हामी सिद्धान्तले नै गणतन्त्रवादी हौं गणतन्त्र जस्तै यो हिजो सांघीयता र समावेशीताको विरूद्धमा थियो । अनिच्छावश मान्न बाध्य भयो ।'

कांग्रेसका कयौं नेताहरू अहिले पनि सार्वजनिक रूपमा नै धर्मनिरपेक्षताको विरुद्धमा रहेको उल्लेख गर्दै अध्यक्ष यादवले संविधानसभाले संविधान बनाउँदा प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपति र पूर्णसमानुपातिक संसदको व्यवस्था हुन नसक्नुको कारण कांग्रेसको अडान रहेको बताउनुभएको छ । संघीय प्रणालीको सही मोडल अर्थात् पहिचानमा आधारित स्वायत्ततासहितको संघीय प्रणाली हुन नसक्नुमा कांग्रेसको ठूलो हात रहेको उल्लेख गर्दै अध्यक्ष यादवले कांग्रेस सहभागीतामूलक, समावेशी समानुपातिक लोकतन्त्रको विरुद्धमा उभिने गरेको आरोप लगाउनु भएको छ ।

यो राष्ट्रिय उद्योगधन्दाहरू समाप्त पार्ने, कृषि अनुदान कटौती गर्ने, कृषि प्रधान देशलाई कृषि वस्तुमै परनिर्भर आयातकर्ता बनाउने, श्रम निर्यात गर्ने बाँकी सबै वस्तुहरू विदेशबाट आयात गर्ने, देशलाई निरन्तर व्यापार घाटामा पार्ने, शिक्षा र स्वास्थ्यको अति व्यापारीकरण तथा माफियाकरण गर्ने, भूव्यवस्थाको व्यापारीकरणमार्फत् अव्यवस्थित शहरीकरण र शहरी सुकुमबासी समस्या सिर्जना गर्ने, नियमक संस्थाहरूको भूमिका कमजोर पार्ने, जताततै मूल्य कार्टेलिङ्ग र सिन्डीकेटलाई प्रश्रय दिने, ठेक्कापट्टा र राजकीय स्रोतहरूमा निश्चित वृत्तलाई मात्र पोस्ने र कमिसन तन्त्रलाई बढावा दिने जस्ता कार्य गरेको अध्यक्ष उपेन्द्र यादवको आरोप छ ।

कांग्रेसको शासनकालमा लाउडा, धमीजा, सुडान जस्ता ठूल्ठूला भ्रष्टाचार काण्डहरू भए तर कहिल्यै विश्वसनीय छानविन नभएको उल्लेख गर्दै सुशासनको सवालमा यो पार्टीको प्रतिबद्धता व्यवहारमा नदेखिको उहाँले बताउनुभएको छ । काँग्रेसले प्रमुख प्रतिपक्षको भूमिकासमेत राम्ररी निभाउन नसक्ने गरी थिलो भएको उहाँको टिप्पणी छ ।

**पञ्चहरू भन्दा पनि तल्लोस्तरका क्रियाकलाप**

सन् १९९० को दशकमा सोभियत संघको पतनपछि एमालेले जनताको बहुदलीय जनवादमार्फत् परम्परागत संसदीय प्रणालीको बाटो समातेको उल्लेख गर्दै अध्यक्ष यादवले एमाले एकैसाथ संसदवादी र कम्युनिस्ट बन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको टिप्पणी गर्नुभएको छ । एकातिर एमालेले मार्क्सवाद-लेनीनवाद-माओवादप्रति शब्दनिष्ठा व्यक्त गर्न छाडेका छैन भने अर्कोतिर यी विचारको सान्दर्भिकता र प्रयोगबारे व्यापक अन्योल, अविश्वास र हिनताबोध रहेको उहाँले आफ्नो प्रतिवेदनमा उल्लेख गर्नुभएको छ ।

अध्यक्ष यादवले आफ्नो राजनीतिक दस्तावेजमा भन्नुभएको छ, 'एकातिर लोकतन्त्रप्रतिको आफ्नो निष्ठामा शंका नगर्न अनुनय-विनय गर्दछन् भने अर्कोतिर कम्युनिस्ट-कम्युनिस्ट' को नाममा सामीप्यता र आडभरोसा खोज्न पनि छोडेका छैनन् । एकदलीय सर्वहारा राज्य वा कम्युन प्रणालीलाई मौका पर्ने वित्तिकै गौरव पनि गर्दछन् ।' दार्शनिक, वैचारिक रूपमा अन्योलग्रस्त र नैतिक रूपमा स्खलित भइसकेको पार्टी संगठनात्मक रूपमा मात्र लामो समय बलियो भइरहन नसक्ने उल्लेख गर्दै उहाँले आउँदा केही वर्ष वा दशकभित्र कम्युनिस्ट पार्टीहरू भविष्यमा फेरि उठ्न नसक्ने गरी पतनको दिशामा अभिमुख रहेको बताउनु भएको छ ।

कम्युनिस्ट पार्टीका ठूल्ठूला नेताहरू भ्रष्टाचार, कमिसनतन्त्र तथा नैतिक पतनको घटनामा लज्जास्पद ढंगले उदाङ्गिदै गएको टिप्पणी गर्दै अध्यक्ष यादवले आर्थिक क्षेत्रमा उदारबाद, नवउदारवादी नीतिलाई एमालेले निरन्तरता दिइरहेको दावी गर्नुभएको छ । सम्पत्ति शुद्धिकरण आयोगलाई निष्क्रिय बनाउने तथा ठूला आयोजनाहरू बिना टेन्डर सिधै सम्झौता गर्न सक्ने प्रकरणको भित्री रहस्य कालो धन र कमिसनतन्त्रसँगको साँठगाँठ हो भन्ने कुरामा कुनै शंका नरहेको उल्लेख गर्दै उहाँले निर्दलीय व्यवस्थाका पञ्चहरू भन्दा पनि तल्लोस्तरका क्रियाकलाप र चरित्रको प्रदर्शन नेपाली कम्युनिस्टहरूले गरिरहेको उल्लेख गरेका छन् ।

**माओवादी विकृति र विसंगतिको केन्द्र**

माओवादी केन्द्रले १० वर्षे जनयुद्धमार्फत् प्रारम्भिक कालको जनवादी गणतन्त्र नेपाल स्थापना गर्ने उद्देश्यलाई स्थगन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा महत्वपूर्ण योगदान गरेको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले स्विकार गरेको छ । माओवादीले संसदीय निर्वाचनमा आफ्नो स्थिति अत्यन्त कमजोर हुने देखेर बाध्य भई एमालेसँग मिलेर चुनाव लडेको उल्लेख गर्दै अध्यक्ष यादवले सत्ता स्वार्थ र नेतृत्वको बीचको आन्तरिक द्वन्द्वका कारण त्यो एकता टिक्न नसकेको टिप्पणी गर्नुभएको छ ।

माओवादीले आफूलाई सर्वहारा वर्गको पार्टी भने पनि वास्तवमा पार्टीको आशा र विश्वास नदेखिएको टिप्पणी गर्दै अध्यक्ष यादवले माओवादी नामको खोलभित्र रहेका विकृति निम्न पुँजीवादी चरित्र बोकेको पार्टी भएको बताउनुभएको छ । माओवादी चिन्तन र व्यवहारमा मार्क्सवादी-लेनिनवादी, माओवादी नभई ढुलमूले, अवसरवादी चरित्र हावी भएको टिप्पणी उहाँले गर्नुभएको छ । माओवादी पार्टीका नेता, कार्यकर्ता ठूल ठूला भ्रष्टाचार, कमिशनतन्त्र र जग्गा दलालीमा लिप्त रहेको टिप्पणी गर्दै उनले माओवादी केन्द्र विकृति र विसंगतिको केन्द्रको रूपमा स्थापित हुँदै गइरहेको उहाँको टिप्प्णी छ ।

बाँकी पृष्ठ ९ मा

# भारतबाट फर्केका पाण्डेयको उपचार जलेश्वरमा

महोत्तरीको जलेश्वर नगरपालिका-३ का २४ वर्षीय शिवम् पाण्डेय विगत एक वर्षदेखि हर्नियाबाट पीडित हुनुहुन्थ्यो । सुरुमा हाइड्रोसिल भएको बुझ्नुभएका पाण्डेयले असह्य पीडा हुन थालेपछि भारतको दरभङ्गा गएर चिकित्सकलाई देखाउनुभयो । चिकित्सकले जाँच गरेपछि हर्निया भएको र यसका लागि शल्यक्रिया गर्न सुझाव दिएको थियो ।

भारतीय चिकित्सकले शल्यक्रियाका लागि २० हजार भारतीय रुपियाँ लाग्ने, औषधीको थप खर्च लाग्ने र करिब एक हप्तासम्म अस्पतालमा बस्नुपर्ने जानकारी गराएपछि रकम अभावले उहाँ घर फर्किनुभयो तर चार महिनाअगाडि आफ्नै गाउँठाउँको अस्पतालमा हर्नियाको शल्यक्रिया हुने जानकारी पाएपछि उहाँले सहज रूपमा सस्तो दरमै उपचार गराएर अहिले खुसी हुनुभएको छ । घरपायक भएको ठाउँमा उपचार पाएपछि समयको पनि बचत भएको तथा आर्थिक रूपमा समेत कम खर्च भएको बुझाइ युवा पाण्डेयको छ । विगतमा यस क्षेत्रका स्थानीयवासी हाइड्रोसिल, हर्निया, भगन्दर, एपेन्डिसाइटिस, पाइल्स, फिस्टुलाको उपचारका लागि भारतीय चिकित्सककहाँ तथा जनकपुर पुग्नुपर्ने बाध्यता थियो तर पाँच महिनादेखि प्रादेशिक अस्पताल जलेश्वरमा नै यी उपचार हुन थालेपछि यस क्षेत्रका बासिन्दालाई ती समस्याको उपचारमा सहज भएको छ ।

पुसदेखि प्रादेशिक अस्पताल जलेश्वरमा करार दरबन्दीमा आउनुभएका कन्सल्टेन्ट सर्जन डा.गणि आलमले माइनर शल्यक्रियादेखि लिएर हर्निया, एपेन्डिसाइटिसलगायतका शल्यक्रिया सुरु गरेपछि हरेक हप्ता चारदेखि पाँच जनाको शल्यक्रिया हुँदै आएको छ । अहिले धेरै शल्यक्रिया माइनर देखिएको बताउँदै डा. आलमले यस अस्पतालमा आइसियु सेवा तथा तालिमप्राप्त स्टाफ भयो भने पित्तथैलीलगायतका शल्यक्रियाका साथसाथै जटिल खालको शल्यक्रियासमेत गर्न सकिने बताउनुभयो ।

जटिल खालका शल्यक्रिया गर्दा आइसियुको आवश्यकता पर्न सक्छ तर यस अस्पतालमा सो सेवा उपलब्ध नभएकाले जटिल शल्यक्रियाका लागि बिरामीलाई बाहिर पठाउनुपर्ने बाध्यता रहेको डा. आलमले बताउनुभयो । पुसदेखि सेवा सुरु गर्नुभएका डा. आलमले हर्निया, एपेन्डिक्स, पाइल्सलगायतका समस्या लिएर उपचारमा आउने बिरामीको अवस्था हेरेर माइनर समस्या भयो भने अस्पतालमै शल्यक्रिया गर्ने गरिएको बताउँदै अस्पतालमा आइसियु, तालिमप्राप्त जनशक्ति, एनेस्थेसिया, ल्याप्रोस्कोपी मेसिनलगायतका मेसिन उपलब्ध भए जटिल खालका शल्यक्रियासमेत गर्न सकिनेमा आफू आशावादी रहेको बताउनुभयो । यस क्षेत्रका अधिकांश व्यक्ति पाइल्स, फिस्टुला, हर्निया, एपेन्डिसाइटिसलाई रोगका रूपमा नलिने गरेको र पछि समस्या हुन थालेपछि मात्रै अस्पताल पुग्ने गरेको बताउनुहुँदै डा.आलमले समयमै उपचार गराए कम खर्चमा सहज रूपमा उपचार हुने बताउनुभयो ।

## फरकमत

# प्रचारमै सिमित जनमत सरकार



**विजयकुमार यादव**

मैले 'जनमत सरकार' भन्दा तपाईलाई अनौठो लाग्न सक्छ । तर यो भाषा जनमत पार्टीको हो । सात वटा प्रदेश छन् । हरेक प्रदेशमा कुनै नकुनै पार्टीले सरकारको नेतृत्व गरेका हुन्छन् । तर मधेश प्रदेश यस्तो सरकार हो जहाँ पार्टीको नामबाट प्रचार गरिन्छ । मधेश प्रदेशको सरकार 'मधेश सरकार' हो तर डा.सिके राउत नेतृत्वको जनमत पार्टीका नेताहरुले त्यो सरकारलाई जनमत नेतृत्वको सरकार भन्ने गरेका छन् ।

जनमत नेतृत्वको सरकारले नीति तथा कार्यक्रम ल्याइ सकेको छ । नीति तथा कार्यक्रम आइसकेपछि जनमत पार्टीका अध्यक्ष डा.सिके राउतसहितका नेता तथा कार्यकर्ताले नारा दिएका छन् 'जनमत है तो मुमकिन है ।' जनमतले मधेशी जनतालाई देखाएको सपना मुमकिन होस् भनि कामना छ । म चाहन्छु कि त्यो सपना पुरा होस् । जनमत नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रमको अक्षरस कार्यान्वयन होस् । सपना देख्नु नराम्रो होइन तर देखेको सपना जब टुट्छ अनि त्यसको नतिजा कस्तो हुन्छ त्यो कुरा सिके राउतभन्दा बढी अरुलाई थाह छैन ।

उहाँले १० लाख युवालाई रोजगार दिने भनेर नै सप्तरी-२ बाट चुनाव जित्नु भएको थियो । त्यो सपनाबाट लठ्ठ भएर सप्तरी-२ का जनताले सिके राउतलाई जिताएका थिए तर त्यो सपना अहिले पुरा भएको छैन । सपना टुटेको छ अनि त्यसको नतिजा अहिले सिके राउतको के भएको छ त्यो उहाँलाई थाह छ । सप्तरीका जनताले उहाँको अहिले नाम पनि सुन्न चाहेको छैन । चुनावको समयमा ठूला ठूला सपना देखाएर अहिले गायब भएको गुनासो गर्न थालेका छन् ।

त्यसको जवाफमा सिके राउतले संसदमा सरकारमा शक्ति नै पुगेन । मधेशका जनताले धेरै सँख्यामा जिताएर नै पठाएन । सरकारमा भएपनि आफूहरुको कुरा नै सुनिरहेको छैन । रोजगारी दिनका लागि चाहिएको मन्त्रालय नै दिएन जस्ता बहाना बनाएर पन्छिने गर्नुभएको छ । अहिले त त्यो भन्दा ठूला ठूला सपना देखाउन थाल्नु भएको छ । जनमत नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रमको कार्यक्रम हेर्दा, सुन्दा जुसुकैको मन हुरुक्कै हुन्छ, मेरो नहुने कुरा नै छैन ।

पूर्ण साक्षर मधेश प्रदेश-साक्षरता अभियान, हरेक जिल्लामा पुर्ण सज्जित मेडिकल उपकरणसहितको मोबाइल एम्बुलेन्स, हरेक पालिकाको सांस्कृतिक झल्को देखिने माटो पार्क, एक करोड वृक्षारोपण, मधेश प्रिमियर लिग, मधेश इतिहास पार्क, मधेश लगानी सम्मेलन, एक पालिका एक लाइब्रेरी, हरेक चार विघामा एक बोरिङ कार्यक्रम, मधेश स्टार्ट अफ र इनोवेशन सेन्टर, टीच फर मेधश लगायत थुप्रै महत्वकाँक्षी योजनाहरु छन् । जो सुन्दा आहा भन्न मन लाग्छ । यी जति पनि कार्यक्रमहरु छन् अगामी आर्थिक वर्षमा सुरवात गर्ने भनेको छ । त्यसका लागि अर्बौं होइन, खर्बौं लगानी चाहिन्छ तर ती सबै कहाँबाट आउने हो त्यसको कुनै स्रोत देखाएको छैन ।

हुनसक्छ, अगामी आर्थिक वर्षको बजेटमा यी योजनामा बजेट हाल्नेछ तर के यी कार्यक्रमहरुका लागि प्रदेश सरकारले वजेटको व्यवस्थापन गर्न सक्छ त ? गर्न सक्छ जस्तो मलाई लाग्दैन । म त भन्छु, यो अगामी एक आर्थिक वर्षमा मात्र होइन, १० वर्षमा पनि यो कार्यक्रम कार्यान्वयनमा आइ दिए भने मधेशको कायापलट हुन्छ । तर म मात्र होइन, मधेशमा कसैले पनि सिके राउतको विकास र योजनामाथि विश्वास गरिरहेको छैन । किनभने सिके राउतले कामभन्दा बढी प्रचार गर्नुहुन्छ, त्यसले गर्दा कसैले उहाँमाथि विश्वास गरेको देखिदैन । उहाँको यो युद्धस्तरको प्रचारशैली आजको मात्र होइन, उहाँ छुट्टै मधेशको कल्पना गरेको बेलादेखि नै काम भन्दा बढी प्रचारमा ध्यान दिनुभएको थियो । सस्तो लोकप्रियतामा रमाउनेमध्येका एक हुनुहुन्छ, सिके राउत ।

कुरा गर्न जति सजिलो छ, काम गर्न त्यति नै गाह्रो छ भन्ने कुरा अध्यक्ष सिके राउतले आफै पटक पटक भन्नुएको छ । उहाँले यो सरकार र अहिलेको व्यवस्थाबाट

बाँकी पृष्ठ ९ मा

**लेख**



■ उपेन्द्र यादव

# देशको अवस्था छैन प्रगतितर्फ

आर्थिक वर्ष २०७९/०८० मा सरकारको आम्दनी तथा खर्च दुवैमा सङ्कुचन देखिएको छ। नेपाल सरकारले परिचालन गर्ने राजस्व लक्ष्यको ६८.२ प्रतिशत र सरकारी खर्च लक्ष्यको ७९.७ प्रतिशतमा सीमित भएको छ। कुल सरकारी राजस्वको वृद्धिदर १०.२ प्रतिशतले ऋणात्मक हुँदा सरकारको कुल आम्दानी ९.७ प्रतिशतले सङ्कुचन हुन गएको छ

आधुनिक नेपालको इतिहासमा मूलतः दुईवटा कालखण्ड बितेका छन् । पहिलो, गोर्खा राज्यको विस्तार, भौगोलिक एकीकरण, सामन्ती निरकुंशता, केन्द्रिकरण एवम् जातीय तथा क्षेत्रीय दमनको कालखण्ड थियो । यो कालखण्डमा शाहवंशीय निरकुंश राजतन्त्र र जहानियाँ राणाशासनले राज्यमा निष्कण्टक रूपले कब्जा जमायो । राज्यको स्रोत-साधन, शक्ति र अवसरहरू पारिवारिक भोगविलासका लागि दुरूपयोग गरे । यो एकखालको कुलिनतन्त्र नै थियो । तथापि यसले मुलुकको एउटा नाम 'नेपाल' र दह्रो केन्द्रीय शासन प्रणाली स्थापित गरे । जसबाट भाषिक रूपमा 'खस भाषा' अर्थात् नेपाली भाषा, साँस्कृतिक रूपमा पर्वतीय संस्कृति-दौरा सुरूवाल तथा हिन्दु धर्म, स्थापित हुन गयो । यो भूभागलाई असली हिन्दुस्थान भन्दै हिन्दु धर्मको आडमा एउटै सामाजिक समुदाय (बाहुन/क्षेत्री, ठकुरी) ले आदिवासी जनजाति, मधेशी, दलित, खस-आर्य, थारू, मुस्लिम, महिला, अपसंख्यकलगायतका समुदायहरूमाथि शोषण, दमन, उत्पीडन र विभेद गर्न अचुक अस्त्रको रूपमा प्रयोग गरे । हिन्दु धर्म, राजतन्त्र र नेपाली भाषालाई नै नेपाली राष्ट्रियताका मूलतत्वको रूपमा स्थापित गरे । यसबाट मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, अल्पसंख्यक समुदायलाई उत्पीडित, उपेक्षित र वञ्चितिकरणमा पारिए ।

'एक भाषा, एक भेष', जस्ता विविधता, पहिचान र समावेशीता विरोधी नीति लागू गरियो । परिणामतः नेपालमा एकल जातीय राज्य वा एकल जातीय प्रभूत्व र वर्चस्व कायम गरिए । अर्थतन्त्रको विस्तार तथा आधुनिकीकरण हुन सकेन । लोकतन्त्र, नागरिक अधिकार र सामाजिक न्याय कुन्ठित भए । जातीय, भाषिक, लैङ्गिक, धार्मिक तथा साँस्कृतिक दमन, उत्पीडनलाई तीब्र पारियो । जनसमुदायलाई शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, रोजगार र सुरक्षित आवास जस्ता आधारभूत सेवा-सुविधाबाट वञ्चित गरियो । निर्दलीय पञ्चायती शासनको ३० वर्षे नयाँ आवरणमा राणाशाही र राजशाही नीतिहरूको नै हालीमुहाली थियो ।

वि.सं. १९९० को दशकमा नेपालमा लोकतान्त्रिक आन्दोलनको युग प्रारम्भ भयो । राणाहरूको पारिवारिक स्वेच्छाचारी शासनविरूद्ध जनसङ्घर्षहरू शुरूवात भए । प्रचण्ड गोर्खा, प्रजा परिषद जस्ता राजनीतिक संगठनहरू अस्तित्वमा आए । नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी जस्ता पार्टीहरू यही कालखण्डमा जन्मिए । २००७ सालको क्रान्तिले राणा शासनलाई अन्त्य गरियो तर लोकतन्त्रले पूर्णता र स्थायित्व हासिल गर्न सकेन । २०४६ सालको संयुक्त जनआन्दोलन यस कालखण्डको एक उत्कर्ष आन्दोलन थियो । जसले निर्दलीय पञ्चायती शासन प्रणालीलाई अन्त्य गर्‍यो । तर, त्यो आन्दोलनले पनि नेपाली समाजमा रहेको राष्ट्रिय/जातीय समस्याको समाधान, विविधताको सम्बोधन, सबै खाले विभेद र असमानताको अन्त्य, बहिष्करणमा पारिएका/परेका सीमान्तकृत समुदायको अधिकार, पहिचानको सवाल आदिलाई सम्बोधन नगरी नेपाली समाजको लोकतान्त्रिकरण तथा सघीयीकरणको कार्यभार पूरा गर्न सकेन । जसले गर्दा देशमा समावेशी लोकतन्त्र स्थापित हुन सकेन ।

**संघर्षको युग**

देशमा माओवादी जनयुद्ध, जनआन्दोलन २०६२/६३, ऐतिहासिक मधेश जनविद्रोह, आदिवासी जनजाति, थारू, मुस्लिम, दलित, महिला आदि आन्दोलनहरू भए । २०६४ र २०७० गरी दुई पटक संविधानसभाको निर्वाचन भयो । समष्टिगत रूपमा यो कालखण्डलाई लोकतान्त्रिकरण तथा संघीयकरणका लागि संघर्षको युग भन्न सकिन्छ ।

अहिले बहुदलीय लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशीता, मौलिक हक, नागरिक स्वतन्त्रता, सामाजिक न्याय र समाजवाद उन्मुख जस्ता सैद्धान्तिक मान्यतामा बनेको संविधान छ । तर, संविधान बन्दा बखतका घटनाक्रमले लोकतान्त्रिकरणको कार्य अझै अधूरो र अपूरो छ भन्ने प्रष्ट गर्दछ । मूलतः शासकीय प्रणालीमा परिवर्तन, निर्वाचन प्रणाली, पहिचान र अधिकारमा आधारित प्रदेशहरूको निर्माण, नामाङ्कन र सिमाङ्कन राष्ट्रिय/जातीय, क्षेत्रीय, भाषिक, साँस्कृतिक तथा लैङ्गिक अधिकारको पूर्ण प्रत्याभूति यो संविधानबाट पनि संभव भएन ।

कांग्रेस र विभिन्न कम्युनिस्ट पार्टीहरूको वृत्तमा रहेको सामन्ती संकीर्ण रूढिवाद एवम् जातीय यथास्थितिवादी सोच, चिन्तन र संविधानको गणितीय समीकरणले क्रान्तिकारी परिवर्तनको संघारमा पुगिसकेको मुलुकलाई एक कदम पछाडि धकेलिदियो । हिजोका क्रान्तिकारी, जो आज यथास्थितिवादी शासक जाति र वर्गमा पतन भएका छन् । उनीहरूले क्रान्तिलाई जुन बिन्दुमा छोडेका थिए, हाम्रो पार्टीले उक्त क्रान्तिलाई त्यही बिन्दुबाट उठाउनु पर्दछ र नयाँ स्तरमा विकास गर्नुपर्दछ ।

त्यो भनेको पहिचानमा आधारित स्वायत्त शासनसहितको संघीय प्रणाली, शासकीय स्वरूपको परिवर्तन, जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारिणी अधिकार भएको राष्ट्रपतीय शासन प्रणालीको स्थापना हो । पूर्ण समानुपातिक संसद्को व्यवस्था, निर्वाचन प्रणालीमा परिवर्तन, अधिकार र पहिचानमा आधारित राज्यको पूर्ण सिमाङ्कन, राज्यको बहुभाषिक नीति, सत्ता र शक्ति केन्द्रमा रहेको एकल जातीय प्रभूत्व र आधिपत्यको अन्त्य गर्नुपर्छ । यी एजेण्डा पूरा भएसँगै संघीय लोकतान्त्रिक गणतन्त्रको अधूरो कार्यभार पूर्ण हुनुका साथै लोकतान्त्रिकरण प्रकिया पनि पूर्ण हुनेछ । हामी अधूरो लोकतान्त्रिक क्रान्तिको पूर्णता र समृद्धिकरणको चरणमा छौं ।

**देशको आर्थिक अवस्था**

आर्थिक दृष्टिकोणबाट हेर्दा नेपालको अर्थतन्त्र जटिल र निराशाजनक स्थितिबाट गुज्रिरहेको छ । देशको आर्थिक बृद्धिदर सन्तोषजनक छैन । आ.व. २०७९/८० अनुसार प्रति व्यक्ति आय १४१० अमेरिकी डलर देखिए तापनि आर्थिक बृद्धिदरको २.२ प्रतिशत मात्र रहेको छ । उपभोक्ता मुद्रास्फीति ७.७ प्रतिशत रहेको छ । हामीलाई न्यूनतम दुई अंकको आर्थिक बृद्धिदर निरन्तर रूपमा दुई दशकसम्म चाहिन्छ । अनि मात्र आर्थिक विकासको अपेक्षित लक्ष्य भेट्न सक्नेछौं । जबकि नेपाल ६ दशकदेखि निरन्तर अल्पविकसित देशहरूको समूहमा रहँदै आएको छ ।

नेपाल विश्वको १७ औं र दक्षिण एशियाको सबैभन्दा गरिब मुलुकको रूपमा रहेको छ । अमेरिकी महादेशमा तीन वटा देश मात्र यस समूहभित्र छन् । ३३ वटा अफ्रिकी देशहरू छन् । एशियाका ८ वटा देशहरू क्रमशः अफगानिस्तान, बंगलादेश, कम्वोडिया, लाओस्, म्यानमार, टिमोर-लेस्ते, यमन र नेपाल यस समूहभित्र छन् । सन् २०२३ मा भूटान यस समूहबाट बाहिरिएका छन् । नेपालमा वार्षिक औसत ६ लाख नयाँ जनशक्ति श्रमबजारमा आउँछन् । त्यसमध्ये एक लाख भन्दा बढी बैदेशिक रोजगारामा जान्छन् । देशको उत्पादनशील श्रमशक्तिको अधिकांश हिस्सा देशमा क्रियाशील छैन ।

कुल गार्हस्थ उत्पादनमा रेमिटेन्सको योगदान २९ प्रतिशत पुगेको छ । रेमिटेन्सबाट जीवन निर्वाह हुने परिवारको संख्या ४० प्रतिशत भन्दा माथि रहेका छन् । देशको ६८ प्रतिशत जनता कृषिलाई औपचारिक पेसा मान्दछन्, तर कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान २४.६ प्रतिशत मात्र छ । सरकारी तथ्याङ्कअनुसार बहुआयामिक गरिबीको मापदण्डको आधारमा २९ प्रतिशत मानिस गरिब छन् । विश्व मापदण्डलाई आधार मान्दा ६४ प्रतिशत नेपाली गरिब छन् । अर्कोतिर धनी-गरिब बीचको दूरी नाप्ने गिनी कोफिसियन्ट ०.३८ प्रतिशत छ । मधेश र कर्णाली प्रदेश बढी गरिब भएका प्रदेशहरू हुन् । मधेश र पहाडका दलित र मुस्लिमहरू बढी गरिबीका मारमा परेका छन् । बजेटमा चालु र विकास खर्चको अनुपातमा अनुकूल सुधार भएको छैन ।

**आम्दनी र खर्च दुवैमा संकुचन**

आर्थिक वर्ष २०७९/०८० मा सरकारको आम्दनी तथा खर्च दुवैमा सङ्कुचन देखिएको छ । नेपाल सरकारले परिचालन गर्ने राजस्व लक्ष्यको ६८.२ प्रतिशत र सरकारी खर्च लक्ष्यको ७९.७ प्रतिशतमा सीमित भएको छ । कुल सरकारी राजस्वको वृद्धिदर १०.२ प्रतिशतले ऋणात्मक हुँदा सरकारको कुल आम्दानी ९.७ प्रतिशतले सङ्कुचन हुन गएको छ । पुँजीगत खर्चतर्फ कुल बजेटको केवल २१.२ प्रतिशत मात्र विनियोजन भएकोमा सो पनि ६१.४ प्रतिशत मात्र खर्च हुन पुग्यो । राजस्वमा आएको सङ्कुचनसँगै वैदेशिक सहायता परिचालन पनि अपेक्षित रूपमा हुन् नसक्दा सरकारको वित्तीय अन्तर फराकिलो हुँदै गएको छ, जसको पूर्तिका लागि ठूलो मात्रामा आन्तरिक ऋण परिचालन गरिँदै आएको छ । आ.व.२०७९/०८० मा आन्तरिक ऋण १०.४ प्रतिशतले बढेर कुल गार्हस्थ्य उत्पादनको ४.८ प्रतिशत पुगेको छ । वैदेशिक सहायता वृद्धिदर २२ प्रतिशतले ऋणात्मक भई केवल एक खर्ब २३ अर्ब मात्र परिचालन हुन सक्यो । यसमध्ये अनुदान ११.८ प्रतिशत र ऋण २३.३ प्रतिशतले संकुचित भई कुल गार्हस्थ्य उत्पादनको क्रमशः ०.४ प्रतिशत र १.९ प्रतिशत कायम रह्न गयो । समग्रमा भुक्तानी गर्न बाँकी ऋण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४२.७ प्रतिशत पुगेको छ ।

वित्तीय हस्तान्तरणतर्फ सङ्घीय बजेटबाट प्रदेश र स्थानीय तहमा कुल विनियोजनको २४ प्रतिशत रकम हस्तान्तरण भएको अनुमान छ । प्रदेश र स्थानीय तहबाट पनि लक्ष्यअनुसार स्रोत परिचालन र खर्च व्यवस्थापन हुन सकेन । विगतका वर्षहरूमा देखिएको कमजोर वित्तीय अनुशासनको अवस्था चालु आ.व.मा पनि निरन्तर नै रह्यो । राजस्व बक्यौता कुल राजस्व रकमको १.३ प्रतिशत रहेको थियो भने कुल लेखापरीक्षण गरिएको रकमको १.७ प्रतिशत बेरूजु कायम भएको थियो ।

आ.व.२०७९/०८० मा वस्तु र सेवाको निर्यात र आयातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ६.९ प्रतिशत र ३४.० प्रतिशत रहेको छ । कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी भई एक खर्ब ७ अर्ब १४ करोडमा सीमित भएको छ भने कुल वस्तु आयातमा १६.१ प्रतिशतले कमी आई १६ खर्ब ११ अर्ब ७३ करोड कायम भएको छ । आ.व.२०७९/०८० मा मुलुकको आन्तरिक अर्थतन्त्र तथा बाह्य क्षेत्र सन्तुलनमा महत्वपूर्ण योगदान रहेको विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.७ प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा कुल वैदेशिक लगानी ०.४ प्रतिशतमा मात्र सीमित रहको छ । नेपाल मानव विकास प्रतिवेदन, २०२० मा प्रस्तुत भएको मानव विकास सूचकाङ्क, असमानता समायोजित मानव विकास सूचकाङ्क, लैङ्गिक विकास सूचकाङ्क, लैङ्गिक असमानता सूचकाङ्कको विश्लेषणका आधारमा प्रदेशहरूको विकासको स्थिति असमान रहेको देखिन्छ । बागमती प्रदेश मानव विकासका दृष्टिकोणबाट अग्रस्थान (०.६६१ प्रतिशत) मा रहेको छ भने मधेश प्रदेशको स्थिति सबैभन्दा कमजोर र कर्णाली प्रदेशको स्थिति पनि निकै कमजोर रहेको देखिएको छ । लैङ्गिक विकास सूचक सुधार भई (०.९६० प्रतिशत) पुगेकोमा मधेश प्रदेशको स्थिति अन्य प्रदेशहरूको तुलनामा कमजोर (०.७८६ प्रतिशत) रहेको देखिन्छ ।

**मधेश प्रदेशमा न्यून साक्षरता दर**

राष्ट्रिय जनगणना, २०७८ अनुसार बागमती प्रदेशमा सबैभन्दा बढी साक्षरता दर (८२.१ प्रतिशत) रहेको छ भने मधेश प्रदेशमा न्यून साक्षरता दर (६३.०० प्रतिशत) रहको छ । शैक्षिक दृष्टिकोणले मुलुककै सबभन्दा पिँधमा रहेको मधेशका ३ वटा जिल्लाहरू क्रमशः रौतहट ७७ औं, महोत्तरी ७६ औं, र सर्लाही ७५ औं स्थानमा रहेका छन् । सम्पत्तिमा आधारित जिनी गुणक ०.३० प्रतिशत रहकोले असमानताको अवस्था गम्भीर रहेको देखिन्छ । विगत लामो समयदेखि भएका प्रयासहरूका बाबजुद नेपालमा गरिबीको अवस्थामा अपेक्षित सुधार हुन सकेको देखिँदैन । नेपाल चौथो जीवनस्तर सर्वेक्षण, २०७९/०८० अनुसार नेपालमा कुल जनसङ्ख्याको २०.२७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेका छन्, जसमध्ये शहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् ।

यसका साथै, प्रदेशगत रूपमा हेर्दा सात प्रदेशमध्ये मधेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा गरिबीको दर राष्ट्रिय गरिबीको दर भन्दा बढी देखिएको छ । देशभित्र उत्पादनशील अर्थतन्त्रको निर्माण र रोजगारीको अवस्था सिर्जना नभएको हुँदा ठूलो संख्यामा श्रमशक्ति विदेशिएको छ । लगभग ७० लाख भन्दा बढी नेपाली विश्वका विभिन्न देशमा छरिएका छन् । उनीहरूले रेमिटेन्स पठाएर देशको अर्थतन्त्र धान्न ठूलो योगदान गरिरहेका छन् । तर, त्यहीँबाट मतदान गर्ने प्रक्रिया नहुँदा निर्वाचनमा अनुपस्थित मतदाताको अनुपात निरन्तर बढ्दो छ ।

**अहिलेको चुनौती**

कमजोर प्रतिस्पर्धी क्षमता, न्यून आन्तरिक उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत, अर्थतन्त्रको संरचनागत समस्या, द्वितीय क्षेत्रको घट्दो योगदान र निरन्तरको न्यून आर्थिक वृद्धिको कारण परनिर्भरता नेपालको प्रमुख आर्थिक चुनौतीरू हुन् । कृषि क्षेत्रमा लागतको तुलनामा न्यून प्रतिफल, कृषिप्रतिको बढ्दो विकर्षण तथा आधारभूत खाद्य पदार्थमासमेत परनिर्भरता बढ्दै गएको छ ।

मानव स्रोत व्यवस्थापनमा आवश्यकताको यथार्थ आँकलन गर्न नसक्दा लगानी, मानव स्रोत उत्पादन, विकास र उपयोग बिच बेमेल देखिएको छ । सीमित व्यक्ति र उद्यमी बिच वित्तीय स्रोत-साधनको परिचालन, परिचालित वित्तीय स्रोत-साधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसकेको अवस्था विद्यमान छ । भारतीय मुद्रासँगको स्थिर विनिमय प्रणालीको कारण स्वायत्त मौद्रिक नीति कार्यान्वयनमा चुनौती, मुद्रास्फीतिमा अधिक बाह्य प्रभाव र कमजोर आन्तरिक नियन्त्रण क्षमता रहेको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायमा हिंसाको

बाँकी पृष्ठ ९ मा

अन्तरवार्ता

# काम गर्न दिने भन्दा कामलाई डिस्टर्ब गर्ने धेरै छन्



**दिनेशकुमार यादव**
अध्यक्ष, रुपनी गाउँपालिका

रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले आफ्नो पालिकालाई नमुना पालिका बनाउन लागि पर्नुभएको छ र यो कुराको दावी उहाँ स्वयंले गर्नुभएको छ। रुपनी गाउँपालिका पूर्वपश्चिम राजमार्ग र हुलाकी सडकमा पर्छ । यो गाउँपालिका राजमार्गमा भएको कारण यसलाई नमुना बनाउन धेरै समय नलाग्ने उहाँको दावी छ। त्यतिकै पनि रुपनी गाउँपालिका सुविधा प्राप्त गाउँपालिकामध्येको एक हो । यसलाई जिल्लाकै नमुना गाउँपालिका बनाउने गरी उहाँले काम थाल्नु भएको छ।  तर जनतामाझ उहाँको गुनासो पनि छ। काममा अनियमितता गरेको आशंकामा बेलाबेलामा आख्तियार पनि त्यहाँ पुगेको हुन्छ। बेलबेलामा उहाँ विवादमा पनि आउनु गर्ने भएको छ। चुनाव जितको खुशीमा उत्सव मनाउन पालिकाभित्र उहाँले सार्वजनिक विदा दिएको कुरा पनि चर्चाको विषय बनेको थियो । २०७९ वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टीबाट चुनाव लड्नु भएका उहाँले चार हजार २६९ मतले विजय हुनुभएका थियो । प्रस्तुत छ, चुनाव जितेपछि रुपनी गाउँपालिकामा भएको विकास निर्माण, अगामी कार्ययोजना लगायतका विषयमा रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवसँग गरिएको कुराकानीको सम्पादीत अंशः

**चुनावको समयमा जनतासँग थुप्रै प्रतिवद्धताहरु गर्नुभएको थियो, चुनाव जितेको दुई वर्ष भइसक्यो के के प्रतिवद्धता पुरा गर्नुभएको छ त ?**

मैले चुनाव लडेको बेला जनतासँग गरेको प्रतिवद्धता एक-एक याद छन् । र, म आज तपाईंको सञ्चारमाध्यममार्फत यो प्रतिवद्धता दोहोर्‍याउन चाहन्छु कि मैले ती सबै प्रतिवद्धता पुरा गर्छु जो चुनावको समयमा गरेको थिए । दुई वर्षको अवधिमा धेरै कुरा पुरा पनि भएको छ । धेरै कुराको सुरुवात पनि भएको छ । विस्तारै विस्तारै सबै पुरा हुन्छ । मैले चुनावको समयमा सबभन्दा बढी कृषि, त्यसपछि शिक्षा र स्वास्थ्यमा जोड दिएको थिए । तीनटै कुराको काम अगाडि बढी सकेको छ । म आफ्नो कार्यकालमा सबै पुरा गर्छु भनि मलाई विश्वास छ । तपाई हेर्नुभयो भने यहाँको किसानको जीवनस्तर सुधार आएको छ । किसानका लागि कृषि विद्युतीकरणको काम सुरु भएको छ । सिँचाइमा सुविधान दिनका लागि किसानको खेत खेतमा विद्युत् जडान हुन्छ । एक परिवार एक बोरिङ किसानलाई उपलब्ध गराउने तयारी पनि छ र त्यो चाँडै हुन्छ । त्यस्तै महिलालाई सीप दिएर रोजगारी सृजना गर्ने हाम्रो तयारी रहेको छ । तराई मधेशमा महिलाहरु घरमै बस्छन् । पुरुषकै काममा निरर्भर हुन्छन् । धेरै गरे भने खेतीपातीसम्म गर्न जान्छन् । ग्रामीण महिलाहरुलाई सीपयुक्त बनाउनका लागि विभिन्न तयारी चलिरहेको छ । शिक्षा, स्वास्थ्य र पूर्वाधारको विकासमा पनि थुप्रै कामहरु भएका छन् । र योजनाहरु पनि बनिरहेको छ । आउने आर्थिक वर्षमा अझ थप र नयाँ नयाँ कार्यहरु हुन्छ ।

**तपाईले शिक्षाको कुरा गर्नुभयो । तराई मधेशको शिक्षाको गुणस्तर त्यति राम्रो छैन । तपाई आफ्नो पालिकामा शिक्षाका लागि के के गरिरहनु भएको छ ?**

म आफ्नो पालिकामा शिक्षालाई प्राथमिकतामा राखेको छु । तपाई विद्यालयको अनुगमन गरेर हेर्नुस् पहिलाभन्दा पक्कै पनि फरक पाउनु हुन्छ । विद्यालय सुधार, विद्यालयलाई टिनको छानामुक्त बनाउने विषय उच्च प्राथमिकतामा राखिएको छ । विद्यालय नै नआई हाजिर गरेको भरमा तलब खाने दिनलाई मैले अन्त्य गराएको छ । शिक्षकमा पनि अनुशासन र आफ्नो कामप्रति जिम्मेवार बनाएको छ । अहिले शिक्षकहरु पनि विद्यालयमा नियमित उपस्थिति हुन थाल्नुभएको छ । विद्यालय वरिपरिका पसलहरुमा सुर्तिजन्य सामग्री बेचविखनमा रोक लगाएको छु । कुनै पसलमा बिक्रि वितरण भइरहेको छ भने तयहाँ १८ वर्षमुनिका बालबालिकालाई खरिद गर्नमा समेत प्रतिबन्ध लगाएको छु । म आफैं नियमित रुपमा विद्यालयको अनुगमन गरिरहेको छु । तपाईहरुले सुन्नु नै भएको होला कि पहिला दिवा खाजामा चरम भ्रष्टाचार हुन्थ्यो । अहिले त्यसमो पुरै अन्त्य भएको छ । विद्यार्थीहरुले नियमित खाजा खान पाएको छ । रिजल्टहरु पनि पहिलाभन्दा निकै सुधार भएको छ । अर्को कुरा, विद्यार्थीहरु स्कूलमा टिक्दैन्थे । टिपिनको समयमा विद्यार्थीहरु स्कूल छाडेर भाग्थे अहिले ती सबै रोकिएको छ । गाउँपालिकाभित्रका १३ वटै सामुदायिक विद्यालयमा नियमित पठनपाठन हुन्छ। यो नै सबभन्दा ठूलो उपलब्धी हो भनि मान्न सकिन्छ ।

**गाउँघरमा सबभन्दा बढी झैझगडा हुन्छ, पालिकाका प्रतिनिधिहरुलाई त्यसलाई मिलाउनमै सबभन्दा बढी समय खर्च भइरहेको हामी देखिरहेका हुन्छौं त्यो कुरालाई तपाईले कसरी मिलाउनु भएको छ ?**

हो खासगरि तराई मधेशको ग्रामिण क्षेत्रमा यो धेरै नै ठूलो समस्या हो । कही नकहीं प्रत्येक दिन पंचायत भइरहेका हुन्छन् । त्यहाँ जानै परेको हुन्छ । तर प्रत्येक पालिकामा न्याय समिति निर्माण भएको छ । त्यो समितिले पनि केही हदसम्म समस्याको समाधान गरेको छ । सामाजिक न्यायका लागि उपाध्यक्षको नेतृत्वमा रहेको न्यायिक समिति बनेको छ । त्यसले पनि प्रभावकारी रुपमा काम गरिरहेको छ । न्यायिक समितिमा आएको उजुरीमा अधिकांश मेलमिलापतर्फ गएका छन् । केही मेलमिलाप हुन नसकेका उजुरी अदालत जाने गरेका छन् । हालसम्म कुनै ठुलो समस्या आइपरेको छैन। न्यायिक समितिमा आइपुगेका थुप्रै मुद्दाको छिनोफानो गरेर सामाजिक न्याय दिलाउनमा पनि हामी सफल भएको छौं । तैपनि गाउँघरमा पंचायतीको परम्पार हटेको छैन । गाउँ घरमा हुने कतिपय झैझगडा समितिसम्म आइपुग्दैन । कतिपयले त उजुरी पनि दिन मानिरहेका हुँदैन । तैपनि समाजमै त्यसलाई मिलाउने प्रयास भइरहेको छ । यद्यपी सामाजिक माहोल बनाउन शान्तिपूर्ण समाज निर्माणकमा लागि हामीले ठोस रुपमा आफ्नो काम गरिरहेका छौं । भौतिक विकास र सामाजिक न्याय भएको नमुना गाउँपालिका बनाउने हाम्रो साझा लक्ष्य हो यसमा सबैको साथ र सहयोग चाहिन्छ ।

**स्वास्यको क्षेत्रमा के कस्तो काम गरिरहनु भएको छ ?**

स्वास्थ्य क्षेत्रमा पनि राम्रै काम भइरहेको छ। वडा नं. ६ तेरहोता, वडा नं. १ रुपनीमा बर्थिङ सेन्टर स्थापना गरेर प्रसूति सेवा दिइरहेको छ। स्वास्थ्य संस्थाबाट ज्येष्ठ नागरिकको लागि महिनाको पाँच दिन  घुम्ती शिविर, गर्भवती तथा सुत्केरीका लागि जटिल प्रकारका अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा प्रवाह लगायतका काम गरिरहेका छौँ। विपन्न दलितलाई स्वास्थ्य उपचारका लागि स्वास्थ्य शाखाबाट सहयोग भइरहेको छ । स्वयंसेविकाहरूलाई सक्रिय बनाउने, उच्च मनोबलका साथ काम गर्न स्रोतसाधनले भ्याएसम्म परिणाम दिइने गरी काम भइरहेको छ। हाम्रो लक्ष्य भनेको उपचारबाट कोही पनि बन्चित नहोस् । सानातिना उपचारका लागि पालिकाभन्दा बाहिर जान नपरोस् भने रहेको छ । पालिकाका सबै जनता निरोगी रहोस् भनि हाम्रो लक्ष्य रहेको छ । ज्येष्ठ नागरिक र गर्भवती महिलाको स्वास्थ्यमा हामी विशेष ध्यान दिएका छौं । त्यसका लागि घुम्ती सेवा तथा एवुलेन्सको पनि व्यवस्था गरेका छौ ।

**तराई मधेशमा सबभन्दा बढी गुनासो हुने गरेको क्षेत्र सडक तथा बाटोघाटो हो, तराई मधेशको ग्रामिण क्षेत्रमा बाटो नै हुँदैन भएपनि साँघुरो गल्ली जस्तो हुन्छ भनि टिप्पणी भइरहेका हुन्छन् त्ययसका लागि पालिकाले के गरिरहेको छ ?**

-यसका लागि दुई वर्षमा धेरै काम भएका छन् । हामी निर्वाचित भएर आएपछि संघ, प्रदेश र पालिकाको समेत बजेटबाट सडक ढलान, नयाँ सडक निर्माण गरेका छौं। सडक साँघुरो हुने, कुनै मापदण्ड नहुने र सडकमै बस्तुभाउ बाँध्ने, घाँस, दाउरा, गोबर र अन्य सरसामग्री थुपार्ने मधेशको चलन नै हो। सडक चौडा पार्न ठूलो चुनौती छ तर पनि हामी सडक चौडा पार्ने कामको सुरुवात गरेका छौं। चेतनाको कमीले गर्दा सडकमा फोहोर गर्ने गरेको छ । चेतना अभिवृद्धि गर्दै त्यस्ता समस्या समाधान गर्दैछौं । गाउँपालिका  क्षेत्रका मुख्य सडकदेखि सहायक सडकलाई फराकिलो गर्दा पालिकावासीको घरटहरा, बार टाटी हटाउन केही ठाउँमा समस्यालाई समाधान भएर गएको छ । घरटहरा, टाटी हटाउन वादविवाद तथा कार्य अवरोधलाई व्यवस्थापन गर्दै अगाडि बढेका छौं ।  सबैसँग समन्वय गरेर सबैलाई सम्झाएर, बुझाएर सडकलाई फराकिलो गरिएको छ।

**तपाईले यतिका कामहरु गर्नुभएको छ तर जनताले त्यो कुराको अनुभूती गरेको छ कि छैन ?**

यो कुरा त तपाईहरुले भन्नुपर्ने हो । जनताले कामको कति अनुभूती गरेको छ । त्यो कुरा सञ्चारकर्मीले अनुगमन गरेर, बुझेर हामीलाई जानकारी गराउनु पर्ने हो । म आफै भनियो भने अलि बढी नै हुन्छ । जनतालाई प्रत्यक्ष अनुभूति हुने काम गर्न प्रत्येक कर्मचारीलाई समय समयमा निर्देशन दिँदै आएको छु । जनताले सेवा पाएन भनि गुनासो आउनु हुँदैन भनि कर्मचारीलाई बेलाबेलामा भन्दै आएको छु । जनताको कामकाज सहज, सरल तथा नियमानुसार छिटोभन्दा छिटो गर्न विषयगत कर्मचारीलाई सचेत गराउँदै आइरहेको हुन्छु । कुनै पनि बहानामा जनतालाई दुःख दिने काम गाउँपालिकाबाट हुँदैन । गाउँपालिकाको वडावासीलाई सामाजिक सुरक्षा भत्ता पाउने वृद्धवृद्धालगायतलाई नजिक पर्ने बैंकबाट पनि भत्ता पाउने व्यवस्था गरेको छु। ज्येष्ठ नागरिकहरुलाई उपचारको व्यवस्था घरघरमै गरेको छु । गर्भवत्ती महिलालाई नियमित जाँचका लागि शिविर चलाएको छु । जनताले प्रत्यक्ष अनुभूती गर्ने यस्ता थुप्रै कामहरु अगाडि बढाएको छु ।

**कर्मचारीहरुबाट कस्तो सहयोग पाउनु भएको छ, पालिकाहरुमा सबभन्दा ठूलो समस्या भनेको कर्मचारीले सहयोग नगर्ने हो । अध्यक्ष र कर्मचारीबिचको विवादले जहिले समस्या हुने गरेको देखिन्छ तपाईको पालिकामा कस्तो अवस्था छ ?**

हो तपाईले भनेको कुरा सही हो । धेरैजसो स्थानीय तहमा कर्मचारी र जनप्रतिनिधिबिच खटपट हुने गरेको समाचार सुनिन्छ र पढिन्छ । तर मेरो पालिकामा त्यस्तो समस्या छैन । मैले पालिकास सम्हालेदेखि त्यस्तो कुनै समस्या छैन । कर्मचारीबाट त्यस्तो कुनै गुनासो छैन । कर्मचारीले पनि आफ्नो इमान्दारिता र अनुशासनमा रहेर काम गर्दै आउनु भएको छ । मेरो काम प्रति पनि उहाँहरुको कुनै गुनासो छैन । सबै काम परदर्शी ढंगबाट भयो भने कुनै मनमुटाव हुँदैन । मैले गाउँपालिकाको कामकाज सञ्चालन गरिरहँदा अहिलेसम्म कुनै मनमुटाव र विवाद हामीबिच आएको छैन भन्ने कुरा तपाईहरु पनि पालिकामा आएर बुझ्न सक्नु हुन्छ । हालसम्म कर्मचारी र हामी जनप्रतिनिधि मिलेर काम गरिरहेका छौं। सायद रुपनी त्यो एउटा उदाहरण नै हो ।

**तपाईले पालिका सम्हाल्दा र यतिका कामरु गर्दा कतिको चुनौतीहरु सामना गरिरहनु परेको छ ?**

पहिलो कुरा त देशमा तीन तहको सरकार छ । ती तीन तहमध्ये जनताले सबभन्दा बढी अपेक्षा स्थानीय सरकारसँग गरेका छन् । जनताले हरेक समस्या लिएर पालिकामा नै आउने गरेको छ । संघीय र प्रदेश सरकारको कुनै काम नै छैन जस्तो लागि रहेको छ । हामीसँग जनताको असाध्यै अपेक्षा रहेको छ। त्यो अनुसारको काम हामीले गर्न पाएका छौ कि छैनौ त्यो मूल्यांकन गर्ने काम तपाईहरुको हो । तर जनताले हामीसँग धेरै ठूलो अपेक्षा गरेको छ। तर बजेटको सीमितताले गर्दा माग र योजना अनुसारको कार्य गर्न नसकिने त्यो पनि वास्तविकता हो । जनताको चाहना र माग धेरै छन् तर त्यो अनुसार हामीसँग बजेट नै हुँदैन ।   यस बाहेक राजनीतिक आस्थाका आधारमा ससाना विषयमा नागरिकलाई भ्रममा पारेर गलत सन्देश प्रवाह गर्न खोजिन्छ । विपक्षीहरुले जनतालाई अनाहकमा उचालिरहेका हुन्छन् । कतिपय नेताहरुले निजी स्वार्थका लागि अनावश्यक घुसपैठ गरिदिँदा काम गर्न अप्ठ्यारो पर्छ। जसले गर्दा थुप्रै काम प्रभावित भइरहेका हुन्छन् । मधेशमा काम गर्नेलाई राजनीतिक हिसाबले हातखुट्टा बाँधेर कामै गर्न नदिने र अरूलाई असफल पारेर आफू सत्तामा पुग्ने प्रपञ्च पनि हुन्छ। मैले यी सबै कुराको पर्वाह नगरी काम गरिरहेको छु। यसमा आम जनताको साथ र सहयोग छ ।

# मैथिलीमा नयाँ स्वाद

रे छौरा बजर खसतौ.....इ छै जनकपुर जस्ता गीत गाएर चर्चा कमाएका प्रवेश मल्लिक नेपालमा मात्र होइन भारतमा पनि धुम मचाएका छन् । धनुषाको जनकपुरमा जन्मिनु भएका प्रवेश मल्लिकको कार्यक्षेत्र भारतमा रहेको छ । गीत संगितमा सानैदेखि रुची राख्नु भएको प्रवेश विगत २४ वर्षदेखि भारतमा आफ्नो पहिचान स्थापित गराउनमा लागि पर्नुभएको छ ।

बलिउडको हिन्दी संगीत क्षेत्रमा स्थापित हुँदै जानु भएका प्रवेश गीत संगितकै लागि भारतको मुम्बई शहरमा बस्दै आउनु भएको छ । उहाँ भारतको मुम्बईमा बसे पनि आफ्नो मातृभूमीलाई सधै माया गर्नुहुन्छ । उहाँ बेलाबेलामा जनकपुर आइरहनु हुन्छ र केही नकेही गरिरहनु हुन्छ । उहाँले मैथिली गीत संगितलाई अन्तराष्ट्रिय जगतमा विभिन्न रुपमा चम्काइ रहनु भएको छ । उहाँको मैथिली गीत संगितमा जनकपुरको गन्ध तथा सुवास हुन्छ ।

**पारिवारिक माहोल**

प्रवेशलले गीत संगितमा सानैदेखि माहोला पाउनु भएको थियो । सानैदेखि त्यस्तो माहोलमा जन्मे हुर्केका प्रवेशले आफ्नो ठूलो दाइ सुनिल मल्लिकबाट धेरै कुरा सिक्नु भएको हो । भनिन्छ, उहाँकै प्रेरणाले प्रवेश संगितिक यात्रा तय गर्नुभएको छ । सुनिल मिल्लिक मैथिलीको प्रसिद्ध संगीतकार एवं गायक हुनुहुन्छ । प्रवेशको घरायसी वातावरण नै संगीतमय भएको हुनाले प्रवेश बाल्यकालदेखि नै संगीतमय माहौल पाएको कारणले यसमा स्थापित हुन धेरै समय लागेन । प्रवेश मल्लिकलाई सानैदेखि गीत संगितमा रुची भएको कारण त्यसमा नै रमाइ रहनु भएको थियो । त्यसलाई नै आफ्नै क्यारियर बनाउन चाहनु भएका थियो तर, उहाँका बुवा कामेश्वर मल्लिकले उहाँलाई डाक्टर वा इन्जिनियर बनाउन चाहनु भएको थियो ।

**सांगितिक नसा**

धनुषाको वभनगामा विद्यालयबाट विद्यालय शिक्षा हासिल गर्नुभएका प्रवेश जनकपुरको मोनाष्टिक विद्यालयबाट उच्च माध्यमिक तहको पढाइ पूरा गर्नुभएको थियो । बुवाकै इच्छा अनुसार उहाँले कक्षा १२ को पढाइ सकाएर डाक्टर बन्नका लागि एमबीबीएस अध्ययन गर्न बंगलादेशसम्म पुग्नुभएको थियो । परीक्षाका लागि बंगलादेश पुगेपनि सांगीतिक नसाले प्रवेश पछ्याउन छाडेनन् । अवस्था यस्तो आयो कि त्यो संगीतको लगावले प्रवेशलाई पढाइतर्फ आकर्षित नै हुन दिएन । प्रवेशका लागि गीत संगित ड्रग्स जस्तै भइसकेको थियो ।

बुवाले गाली गर्न थालेपछि त्यसमा उहाँ लुकीलुकी लाग्न थाल्नुभयो । बुवाको गालीको बावजुद पनि संगीतकै छायामा उहाँ रमाउन थाल्नुभयो । उहाँ डाक्टरी पढ्न छाडेर संगितमै रमाउन थाले पनि उहाँका बुवाको दबाव कायमै थियो । डाक्टरी नै पढ्न बुवाको दबाव थियो ।

गीत, संगितमा प्रवेशको लगाव देखेर साहित्यकार एवं संगितकार अशोक दत्तलगायतका व्यक्तिहरु समेत उहाँको बुवासँग कुरा गर्नुभएको थियो । प्रवेशलाई संगितमै रहन दिन उहाँहरुले आग्रह गर्नुभएको थियो । प्रवेशले एक दिन तपाई हामी सबैको नाम चम्काउने छन् भनेर उहाँको बुवालाई कन्भिन्स गर्नुभएको थियो । त्यसपछि मात्र प्रवेशले औपचारिक रुपमा सांगीतिक यात्रामा निस्किनु भएको थियो ।



**साथीको संगत**

प्रवेशले संगीतको माहोले घरबाटै पाए पनि गीत, संगितको यात्रा यात्रा इष्टमित्रहरुको संगतबाट सुरुवात भएको थियो । उहाँका साथी कृष्णा सिंह, घनश्याम मिश्र, ललित कामत लगायतका हुनुहुन्थ्यो । उहाँहरुले गीत लेखेपछि त्यसमा संगित भर्ने काम प्रवेशले गर्नुहुन्थ्यो । त्यति नै बेला उहाँले मैथिली भाषाका गीत 'छौरा तोरा बज्जर खसतौ', 'मैयाँ भवानी बिन्ती सुनु', 'हम्मर ध्क्क धक्की बढैया' बनाउनु भएको थियो । उहाँले नेपाली गीति एल्बम 'मुटुभरी माया'सहित दर्जनौं एल्बममा संगीत तथा आवाज दिनुभएको थियो ।

घरपरिवार तथा साथी भाइबाट गीत संगितको माहोल पाउनु भएका प्रवेश सन् २००० मा थप अध्ययनका लागि भातरको दिल्ली पुग्नुभयो । त्यहाँ उहाँले गन्धर्व विश्वविद्यालयमा संगीतको बारेमा पढाई गर्नुयभो । सो विश्वबिद्यालयबाट संगीत शिरोमणी र स्नातकोत्तर समेत गर्नुभयो । दिल्लीमा अध्ययनरत रहेका बेला प्रवेश खर्च जुटाउन धार्मिक जागरणमा जानु हुन्थ्यो । त्यहाँबाट हुने आम्दानीले प्रत्येक पटक उहाँले किबोर्ड किन्नका लागि १०० रुपियाँ बचाउनु हुन्थ्यो ।



पछि उहाँको बुवाले नै किबोर्ड किन्दिनुभयो । किबोर्डका लागि जम्मा गरेको रकम पछि उहाँ आफैलाई काम लाग्यो । दिल्लीमै रहँदा उहाँले सानिध्य बैण्ड स्थापना गर्नुभएको थियो । सानिध्य बैण्डकै माध्यमबाटै प्रवेशले देश विदेशमा कार्यक्रम, कन्सर्टहरु गर्न थाल्नुभयो । संगीतसँगै प्रवेशको आवाजले समेत धेरैलाई आकर्षित गर्न थाल्यो । यससँगै उहाँ थप आय आर्जनका लागि दिल्लीको स्टेप बाइ स्टेप स्कुलमा संगीत शिक्षकको रुपमा काम समेत गर्न थाल्नुभयो ।

**अमृतासँग विहे**

सांगितिक क्षेत्रमा रमाइ रहनु भएकै बेला प्रवेश मिल्लिकको विहे अमृता मल्लिकसंग भयो । बिहेपछि श्रीमती अमृताको साथमा दिल्ली नै बस्न थाल्नुभयो । अमृता मल्लिक पहिलादेखि नै प्रवेशको संगितको प्रशंसक हुनुहुन्थ्यो । प्रवेशको सांगितक यात्रालाई अझै निखार्न उहाँले प्रवेशलाई मुम्बाई जान सुझाव दिनुभयो । श्रीमती अमृताकै सुझावमा उहाँ मुम्बइ पुग्नुभयो । प्रवेशले भन्नुभयो, 'दिल्लीमा स्थापित जीवन र काम भएपछि बिहे गरें । त्यो कसरी छोडेर मुम्बई जाउँ भन्ने कुराले पनि सताइरहेको थियो । यसै कनफ्युजनको बीच अमृताको कुरा मानेर मुम्बई प्रस्थान गएको थिए ।'

शुरुमा मुम्बई बस्न आफूलाई निकै कठिनाइ भएको बताउँदै उहाँले भन्नुभयो, 'त्यहाँ चिनजानको कसैसँग थिएन त्यही बेला मेरो भेट बलिउडका स्थापित निर्देशक प्रकाश झाको नजिक रहेर काम गरिरहनु भएको सन्तोष मण्डलसँग भयो उहाँले नै मलाई प्रकाश झासँग भेटाउनु भयो ।' त्यस समयमा प्रकाश झा गंगाजल फिल्मको दोस्रो भाग 'जय गंगाजल' बनाइ रहनु भएको थियो ।

**प्रकाशको होमवर्क**

पहिलो भेटमा नै प्रवेशबाट प्रकाश झा प्रभावित हुनुभएको थियो र त्यही दिन उहाँलाई काम पनि दिनुभयो । भेटघाटपछि प्रकाश झाले प्रवेशलाई तीन दिनको समय दिई छ वटा गीत बनाउन दिनुभएको थियो । प्रवेशले छ वटा मात्र होइन तोकिएको समयमा १८ वटा गीत बनाएर दिनुभएको थियो । उहाँको १८ वटा गीतमध्ये १२ वटा गीत छनौट भएको थियो । प्रवेशले दिएका गीत 'डन्का उसका बाजेगा', 'सैया धिरे धिरे' लगायतका गीत बलिउडको पर्दामा हिट भएको थियो । त्यो गीतसंगै प्रवेशको बलिउड यात्रा आरम्भ भएको थियो । त्यसपछि प्रवेशले 'बरेलिकी बर्फी', 'जावरिया जोडी', 'तानाशाह', 'तकलेश्वर'मा काम गरे ।

**मैथिलीमा नयाँ टेस्ट**

मैथिली गीत संगीत समृद्ध रहेपनि यसले बजार भने अहिलेसम्म आशा गरे अनुरुप पाउन सकेको छैन । त्यसैले मैथिली गीत संगितलाई देश बाहिर र भित्रै पनि प्रचार प्रसार गर्ने उद्देश्य राख्नु भएको छ प्रवेश मल्लिकले । आफ्नो माटोको संगीतमा आधुनिकता थप्ने जिम्मेवारी सहित । उहाँले पछिल्लो समय मैथिलीका लोकगीतहरुलाई नयाँ धुनमा ढालेर श्रोता एवं दर्शक समक्ष ल्याउँने जमर्को गर्नुभएको छ ।

मैथिलीको लोक नृत्य एवं गीत 'जटजटिन' लाई मल्लिकले नयाँ धूनमा ढालेर आफ्नो संगीत र स्वर दिँदै सार्वजनिक गर्नुभएको थियो । जटजटिन नृत्य एवं गीत पहिल्यैदेखि नै मिथिला समाजमा प्रसिद्ध भएपनि सो गीतलाई जीवन्त बनाउने उद्देश्यले निर्माण गरिएको नयाँ गीत युवा पुस्ताले समेत रुचाई रहेका छन् ।

नयाँ धूनमा तयार पारिएको सो गीतमा प्रवेश मल्लिक एवं नेहा प्रियदर्शनीले स्वर दिनुभएको छ । यसअघि तयार पारिएको जटजटिन गीतमा मैथिलीका प्रसिद्ध गायक सुनिल मल्लिक, आभाष लाभ र रश्मी झाले स्वर दिनु भएको थियो सो गीत पनि उत्तिकै हिट भएको थियो । यसअघि मल्लिकले परदेशिया, जुलुम करे ना लगायतका मैथिलीका लोकगीतहरुलाई नयाँ धून दिएर युट्युवमा सार्वजनिक गरिसकेका छन् ।

'ई छै जनकपुर' भन्ने बोलको भिडियो गीत तराई मधेशमा निकै चर्चा पाएको थियो । मैथिली गीत संगीतलाई विश्वस्तरमा नै स्थापित गर्ने उद्देश्यसहित लोकगीतहरुलाई नयाँ धून दिएर आफूले सजाउने कार्य गरिररहेको मल्लिकको भनाइ छ ।

उहाँले भन्नुभयो, 'युवाहरु अहिले वेस्टर्न संगीतमा रमाई रहनु भएको छ । यस अवस्था मैथिली गीतप्रति पनि युवाहरुको झुकाव बढाउन आफूले यी गीतहरुलाई नयाँ स्वरुप दिए को हुँ ।' मैथिली लोकगीतहरु युवा पुस्ताहरुबाट टाढिँदै गइरहेको समयमा युवा पुस्तालाई मैथिली लोक गीतसँग जोड्नका आफ्ना अधिकांश गीतहरु लोक गीतमै केन्द्रित रहेको बताउँदै उहाँले आफ्नो माटो पानीको आभाष दिलाउन तथा अपनत्व महसुस गराउनका लागि लोकभाकाहरुमै केन्द्रित हुने स्पष्ट पार्नुभयो ।

# भर्दैं प्रवेश मल्लिक

## निर्मलाको साहसले बनायो जुत्ता व्यापारी



जुत्ता सिउने पेसा दलित समुदायको सार्की तथा तराई मधेशका चमार (राम) समुदायको रहेको छ। चुत्ता सिउने कामलाई अछुतो मान्छ र त्यसलाई छुवाछुतको रुपमा पनि हेर्छन् समाजले। जुत्ता सिउने व्यक्तिलाई हेलाको नजरले पनि हेर्छन्। अरु समुदायको व्यक्तिले हतपत यो पेसा रोजेको पाइदैन तर तराई मधेशमा एक जना महिलाले क्रान्ति गर्नुभएको छ।

सर्लाहीका एक जना महिला जो महतो समुदायका हुनुहुन्छ। उहाँले जुत्ता सिलाईको तालिम लिएर त्यसलाई पेसाको रुपमा अपनाउनु भएको छ। जुत्ता सिलाई गरेर सर्लाही हरिवन नगरपालिका-४ गेल्हा निवासी ३२ वर्षीया निर्मलाकुमारी महतो मधेशकै एक उदाहरणीय महिला उद्यमी बन्नुभएको छ। सुरु सुरुमा समाज मात्र होइन उहाँको घरपरिवारले पनि स्विकार गरेको थिएन।

**बिद्रोही निर्मला**

मधेशको बुहारीले घुम्टो ओढेर बस्नु सामान्य मानिन्छ। घुम्टोबाट निस्कन बुहारीले निकै संघर्ष गर्नुपर्छ। घुम्टोमा रहनु भएको निर्मलालाई पनि घुम्टोबाट निस्कन निकै महेनत गर्नुपर्‍यो। समाज र घरबाट संघर्ष गरी घुम्टोबाट बाहिर निस्किनु भएको हरिवन निवासी निर्मला महतो अहिले सफल उद्यमी बन्नुभएको छ। जो जो निर्मलासँग हेला गर्थे आज उनीहरु प्रशंसा मात्र होइन, आआफ्नो बुहारीलाई त्यहाँ पठाएर जुत्ता सिलाउन सिकाइ रहेका छन्।

**सफल उद्यमी**

जुत्ता उद्योग सञ्चालन गर्नुभएकी निर्मलाले आफूलाई अब्बल र सफल उद्यमीको रुपमा चिनाउन चाहनु भएको छ। यो पेसालाई पनि उहाँले मर्यादित र व्यवस्थित बनाउन चाहनु भएको छ। मधेश समाज जहाँ छोरी बुहारीलाई घरबाट पनि निस्किन इजाजत हुँदैन त्यहाँ निर्मला महतोका लागि जुत्ता सिलाउनु सजिलो पक्कै थिएन।

निर्मला ‘प्लस टु’ सम्म अध्ययन गर्नुभएको थियो। उहाँका बुवा शिक्षक भएको कारण उहाँ पढ्ने मौका पाउनु भएको हो। बुवाको घरमै हुँदासम्म उहाँले प्लस टु सकाइ सक्नुभएको थियो। उहाँलाई अझै पढ्ने इच्छा थियो। त्यति नै बेला उहाँको विहे भयो। गाउँ नजिकैका मध्यमवर्गीय परिवारका उमेश महतोसँग सामाजिक परम्पराअनुसार विहे गर्नुभएका निर्मलाको पढाइमा ब्रेक लाग्यो। उहाँले अरु थप पढ्ने इच्छा भएपनि घरमा पढ्ने वतावरण थिएन।

घरमा बुहारी भएर बस्ने अवस्था थियो। बुहारीको रुपमा उहाँ जीवन चुल्हो चौकामा सिमित थियो। निर्मला महतोका ११ वर्षकी एक जना छोरी, नौ र छ वर्षका दुई जना छोरा छन्। निर्मलाले सुरुमा आफ्नो छोराछोरीलाई सरकारी स्कूलमा राख्नु भएको थियो तर पछि गाउँकै छरछिमेकहरुले आआफ्नो छोराछोरीलाई बोर्डिङ स्कूलमा पठाउथे त्यो देखेर निर्मलाले पनि आफ्नो छोराछोरीलाई बोर्डिङ स्कूलमा भर्ना गराउनुभयो। तर भर्ना गरेर मात्र भएन, त्यहाँबाट आउने बीलले निर्मलालाई तनाव सृजना गर्थ्यो।

निर्मला भन्नुहुन्छ, “श्रीमान् खेतीपाती गर्नुहुन्थ्यो खेतीबाट नगद आम्दानी कम हुन्थ्यो। अन्नपात वर्षभरि खानुपर्यो। समाजमा चलेको चलनअनुसार व्यवहार धान्नै चुनौती भयो। त्यसले छोराछोरीको फि तिर्न गाह्रो भयो।” स्कूलको फि तिर्न निर्मलाको श्रीमानसँग सधैं पैसा हुँदैन थियो। छोराछोरकिो फि तिर्न जहिले गाह्रो हुन्थ्यो। कतियौं पटक त छोराछोरीलाई बोर्डिङ स्कूलबाट निकालौं हालौं भनि निर्मला र उहाँका श्रीमानलाई नलागेको होइन तर निर्मलाले साहज र हिम्मतका साथ अगाडि बढ्नुभयो। कुनै नकुनै उपाय निकालौला तर छोराछोरीलाई बोर्डिङ स्कूलबाट निकाल्ने भनि हिम्मत दिनुहुन्थ्यो आफ्नो श्रीमान उमेशलाई।

**उपायको खोजी**

खेतीपातीबाट घर धान्न मुस्किल छ, छोराछोरीलाई त त्यसबाट पढाउन गाह्रो हुन्छ त्यसको लागि कुनै विकल्प खोज्नुपर्ने निष्कर्षमा निर्मला महतो लाग्नुभयो। प्लस टुसम्म अध्ययन गरेको कारण कुनै सानातिना जागिर गरेर पनि गुजारा गर्न सकिन्छ भनि बुझाई निर्मला थियो। त्यसका लागि उहाँले प्रयास पनि गर्नुभयो। भन्नुपर्ने ठाउँमा भन्नु भयो, विभिन्न ठाउँमा ट्राइ गर्नुभयो तर निर्मला आफूले खोजेजस्तो जागिर पाउनु भएन।

जागिर नपाए पछि निर्मला निराश हुनुभएको थियो। कुनै न कुनै विकल्प निकाल्नुपर्छ भनि उपायको खोजीमा हुनुहुन्थ्यो निर्मला महतो।

त्यति नै बेला गाउँका एक जना शिक्षक जो निर्मलासँग चिनजान थियो। जुत्ता बनाउने बारे तालिम हुँदैछ भन्ने कुराको जानकारी उहाँबाट पाउनु भएको थियो। त्यसको बारेमा थप जानकारी लिएर जुत्ता बनाउन नै सिक्ने भनि त्यसको तयारी लाग्नुभयो। नहुनु मामा भन्दा कानो मामा राम्रो जस्तै सबैले उपेक्षा गरेको पेसा जुत्ता बनाउने तालिममा जान तयार हुनुभयो। केही त गरौं भनि निर्मलाको सोच थियो। त्यसका लागि जुत्ता सिउने काम किन नगर्न परोस् त्यसका लागि पनि निर्मला तयार हुनुभएको थियो।

**घरमा बिद्रोह**

जुत्ता बनाउने तालिम लिन त निर्मला तयार हुनुभएको थियो। उहाँका लागि घर तयार भएको थिएन। घरमा मनाउनका लागि उहाँलाई निकै समस्या भएको थियो। जुत्ताको काम गर्नुहुँदैन, यो साना जातले गर्ने काम हो, यो कामले घर परिवार तथा खनदानमा असर पर्छ भन्दै जुत्ता सिलाउने तालिममा जान परिवारका सदस्यहरुले रोकेका थिए। उहाँका श्रीमानले पनि निर्मलालाई जुत्ताको काम गर्न अनुमति दिइरहनु भएको थिएन। तैपनि उहाँ जानका लागि तयार हुनुभयो। घरमा कन्भिन्स गर्न उहाँलाई निकै समस्या भएको थियो। घरमा कुरा नमाने पनि उहाँ जुत्ता सिलाइको ट्रेनिङमा जानु भयो। त्यसले गर्दा उहाँ घरबाट गाली पनि खानु भएको थियो।

सुरुमा घरमा सम्झाउन निकै समस्या भयो। बुहारी त्यसमा पनि जुत्ता सिलाउन गई, भनेर सासूससुराले गाली गर्नुभयो। तर पछि सम्झाइबुझाइ गरेपछि उहाँहरूले कुरा बुझ्नुभयो। निर्मला महतोले जुत्ता सिलाईको तीन महिनाको तालिम लिनुभयो। उहाँले तालिम लिएर एक जना जुत्ता बनाउनेको पसलमा काम पनि गर्न थाल्नुभयो। निर्मलाले भन्नुभयो, “तीन महिनाको तालिम लिएर काम सुरु गरेको थिएँ। तर जहाँ काम गर्थे त्यो साहुले पसल बन्द गर्नुभयो त्यसपछि फेरि अलपत्र परियो।’

त्यो साहुको पसलमा जुत्ताको काम गर्नुको साथै काम सिक्ने काम पनि गर्नुहुन्थ्यो। तालिम लिए पनि धेरै कुराको जानकारी अभाव थियो। सिक्ने र काम गर्ने दुवै काम भइरहेका थियो तर साहुले पसल बन्द गरेर हिडिसकेपछि निर्मलालाई अर्को आपत आइ लाग्यो। त्यसपछि उहाँले तालिम आयोजकलाई फेरि अनुरोध गरेर केही दिनका तालिम थप्न लगाउनुभयो।

त्यसपश्चात् आफूलाई उहाँले भने जस्तै सबै नाप र आकारप्रकारका जुत्ता बनाउन सक्ने अवस्थामा पुर्‍याउनुभयो। निर्मलाले अब जुत्ता बनाउने लगभग सबै कुराको जानकारी पाइसक्नु भएको थियो। जुत्ता बनाउन मज्जाले सक्ने हुनुभयो तर अब पसल खोल्न ठाउँको अभाव थियो। जुत्ता बिक्रि गर्ने ठाउँ भएपनि बनाउने ठाउँको अभाव थियो। त्यसपछि उहाँले आफ्नै घरमा जुत्ता बनाउन थाल्नुभो र त्यो लिएर आफ्नो स्थानीय हाट बजारमा बेच्न जान थाल्नुभयो।

**लगानीको अभाव**

उहाँले अलिअलि जुत्ता बनाएर बजारमा लगेर बेच्नु हुन्थ्यो तर त्यसले खासै उहाँलाई फाइदा भइरहेको थिएन। अलिकति लगानी भयो भने थप केही गर्न सकिन्छ भनि बुझाई निर्मलाको थियो। तर लगानीका लागि चाहिने पैसा कोसँग माग्ने समस्या निर्मलासँग थियो। श्रीमान खेती किसानी गर्ने भएका कारण उहाँसँग नगद रकम हुने सम्भावना नै थिएन। ससुरा बा पहिलदेखि नै जुत्ता व्यवसायप्रति खुशी हुनुहुन्थेन। त्यही भएर लगानीका लागि चाहिने रकमको अभाव भयो उहाँलाई। एक लाख ऋणका लागि उहाँले धेरै ठाउँमा पहल गर्नुभयो। तर कोही दिन तयार भएनन्। त्यसपछि उहाँले आफ्नो माइतीका दाजुलाई भनेर ससुरा बासँग कुरा गर्न लगाउनुभयो। बरु अंश काट्नु परे काट्नु होला तर एक लाख रुपियाँ चाहिएको छ भनि ससुरा बासँग कुरा राख्नुभयो। त्यसपछि ससुरा बाले एक लाख २० हजार रुपियाँ दिनुभयो निर्मलालाई।

निर्मलाले त्यो रकम लिएर घरमै जुत्ताको कारखाना खोल्नुभयो। विस्तारै विस्तारै व्यपार राम्रो हुन थाल्यो। निर्मलाले बनाउनु भएको जुत्ता किन्न टाढा टाढाबाट मान्छेहरु आउन थाल्यो। त्यसपछि निर्मलाले कामदार पनि थप्नुभयो। निर्मलाले भन्नुभयो, “सुरुमा गाउँमा अनेक कुरा गर्ने मानिस धेरै भए तर पछि विस्तारै आफ्नो छोराछोरीलाई सिकाइदिनुपर्यो भनेर आउने पनि निस्किए।”

गाउँघरमा आजभोलि विवाहलगायत कार्यक्रममा निर्मला महतोले बनाएको जुत्ता धेरै बिक्री हुन्छन्। बजार विस्तार हुँदै गएको छ। रामेछाप, सिन्धुली, विराटनगर, जनकपुर, चपुरलगायत ठाउँबाट जुत्ता माग आउने गरेको निर्मलाले बताउनुभयो। विसं २०७१ तिर निर्मलाको श्रीमान् वैदेशिक रोजगारीका लागि मलेसिया जानुभएको थियो। तर निर्मलाले ११ महिनामै श्रीमानलाई घर फर्काउनुभयो। र उहाँले आफ्नो श्रीमानलाई पनि आफ्नै कारखानामा काममा लगाउनुभयो। अहिले उहाँको श्रीमान् उमेश पनि निर्मलासँगै काममा खटिनुभएको छ।

उहाँले घर नजिकै १४ लाख रुपियाँमा आधुनिक उपकरणसहितको जुत्ता कारखाना सञ्चालन गर्नुभएको छ। उद्योगमा चार जना कामदारसमेत छन्। एक जनाले दैनिक ५० जोर जुत्ता तयार गर्न सक्ने उहाँले बताउनुभयो। यसरी निर्मलाको कारखानाबाट महिनामा छ हजार जोरसम्म जुत्ता उत्पादन भई बजारमा पुग्ने गरेको छ।

“कमाइ राम्रो हुन्छ”, उहाँले भन्नुभयो, “काम दिन सकिरहेका छैनौं। अझै केही मेसिन किन्नुपर्ने छ, त्यो भए काम बढाउन सकिन्थ्यो। प्रयास गरिरहेको छु।” पहिला मासिक तीन हजार पाँच सय रुपियाँ कमाइ हुन्छ भनेर सिकेको सीपले उद्यमी बनाएको उहाँको भनाइ छ । यही पेसाबाट वार्षिक आठदेखि १० लाख रुपियाँसम्म कमाउने गरेको उहाँले बताउनुभयो।

**समाचार**

# महानगरको विद्यालयमा सिलबन्दी

वीरगञ्ज महानगरपालिकाले नगर क्षेत्रमा अनुमतिबिना सञ्चालित विभिन्न पाँच वटा विद्यालयमा जेठ २९ गते सिलबन्दी गरेको छ। महानगरपालिकाको शिक्षा समितिको अनुगमन समितिका संयोजक ईश्वरचन्द्र यादव, महानगरपालिकाका शिक्षा अधिकृत आनन्द लामिछाने, नगरप्रमुख सिंहका जनसम्पर्क अधिकृत नवराज फुयाँलगायतको टोलीले अवैधरुपमा सञ्चालित विद्यालयमा सिलबन्दी गरेको हो। महानगरपालिकाका जनसम्पर्क अधिकृत नवराज फुयाँलका अनुसार सिजी एजुकेशनद्वारा सञ्चालित दिल्ली पब्लिक स्कुलको पूर्वप्राथमिक तह (मन्टेश्वरी) कक्षा निनोस वीरगञ्जको नामबाट वीरगञ्ज-१२ मुर्ली बगैंचामा अनुमतिबिना सञ्चालन भइरहेको पाइएकाले सिलबन्दी गरिएको छ।

त्यसैगरी, वीरगञ्ज-२६ सुगौलीमा २०५७ सालदेखि अवैध रुपमा सञ्चालन गरिरहेको सिटिजन पब्लिक स्कुल र २०७५ देखि सञ्चालित एएस नलेज एकेडेमीमा पनि सिलबन्दी गरिएको उहाँले जानकारी दिनुभयो। त्यस्तैगरी वीरगञ्ज-१८ भवानीपुरमा सञ्चालित सुरज एकेडेमी अनुमतिबिना नै सञ्चालनमा रहेकोले सिलबन्दी गरिएको तथा सोही वडामा अनुमतिभन्दा बढी कक्षा सञ्चालन गरेको बुद्ध एकेडेमीमा पनि सिलबन्दी गरिएको अधिकृत फुयालले बताउनुभयो।

### चर्को ऋणका कारण घरबार विहिन

सर्लाहीको बरहथवा नगरपालिका वडा नं. ८ टाँडीका लीला पासवान अहिले घरबारविहीन हुनुभएको छ। पाँच धुर जग्गामा बनेको पक्की घर साहुलाई बुझाएर उहाँ डेरा गरेर बस्नुभएको छ। तीन वर्षअघि लिएको छ लाख रुपियाँ ऋण र त्यसको चर्को ब्याजले उहाँको परिवार घरवारविहीन हुनुपरेको हो। तीन वर्षमा छ लाख साँवाको ब्याज समेत गरेर १३ लाख ९० हजार रुपियाँ साहुलाई बुझाउनु पर्ने अवस्था आयो। ज्याला मजदुरी गरेर परिवार पाल्दै आउनुभएका उहाँलाई अहिले १४ लाख रुपियाँ तिर्न पहाड फोडेजस्तै भएको छ।

अनेक प्रयास गर्दा पनि पैसा बुझाउन नसकेपछि उहाँले घरघडेरी नै साहुलाई बुझाउनु भएको हो। "पाँच रुपियाँ ब्याजमा छ लाख रुपियाँ ऋण लिंदा १४ लाख रुपियाँ पुग्यो," पासवानले भन्नुभयो, "कसैगरी पनि तिर्न नसकेपछि घरघडेरी नै साहुलाई बुझाएर डेरामा बसेको छु।" पासवानलाई जस्तै सर्लाहीमा बसोवास गर्ने अन्य पासवान, मुसहरलगायत दलित परिवार मिटरब्याजको चपेटामा परेका छन्। साहुसँग लिएको ऋण तिर्न नसकेर कमारो बस्ने चलन मुसहर बस्तीमा अझै छ। साहुबाट लिएको ऋण तिर्न नसकेर टाँडीकै लालो माझीको परिवार विस्थापित हुन पुग्यो। १० वर्षअघि लिएको २० हजार रुपियाँ ऋणको साँवा ब्याज तिर्न नसकेर उहाँको परिवारले त गाउँ नै छाड्नु परेको छ। छ वर्ष साहुको घरमा कमारो बस्दा पनि ऋण तिर्न नसकेपछि उहाँको पूरै परिवार अहिले मजदुरीका लागि भारत पुगेको हो। सर्लाहीमा २० हजार भन्दा बढी मुसहर समुदायको बसोवास छ। त्यसमध्ये ६० प्रतिसत मुसहर समुदाय मिटरब्याजको चपेटामा रहेका नेपाल मुसहर सङ्घ सर्लाहीका अध्यक्ष ऋतुराज ऋषिले जानकारी दिनुभयो। यसरी मिटरब्याजबाट ग्रसित मुसहर समुदायका लागि सर्लाहीको चार पालिकामा वित्तीय साक्षरता अभियानको सुरु गरिएको छ।

नवील बैङ्क र साउथ एशीया पार्टनरशीप नेपाल (साप नेपाल) ले वितीय साक्षरता कक्षा सञ्चालन गरेका हुन्। जिल्लाको बरहथवा र हरिपुर नगरपालिका तथा चन्द्रनगर र बसबरिया गाउँपालिकामा १२० परिवारलाई वित्तीय साक्षरता कक्षामा समावेश गरिएको छ। वित्तीय साक्षरता कक्षामा सहभागी भएकाले मुसहर बस्तीमा अरुलाई पनि बुझाउन भूमिका खेल्ने गरी प्रतिनिधिमूलक रुपमा सहभागी गराइएको साप नेपालका प्रादेशिक निर्देशक जनक कार्कीले जानकारी दिनुभयो। मुसहर महिलालाई बचतको महत्व बुझाउँदै मिटरब्याजको जोखिमबाट मुक्त गर्न कक्षा सञ्चालन गरिएको कार्कीले बताउनुभयो।

बैङ्क तथा सहकारीबाट ऋण लिँदा घरजग्गा लिलाम हुन्छ भन्ने डर मुसहर समुदायमा रहेको छ। साहुसँग लिएको चर्को ब्याजबाट मुक्त गरी मुसहर समुदायलाई बैङ्क र सहकारीसम्म पुऱ्याउन कार्यक्रम गरिएको हो। बचत गर्ने बानीको विकास र त्यसको फाइदा बुझाउन वित्तीय साक्षरता कक्षा चलाइएको साप नेपालका कोषाध्यक्ष केदार प्रसाद गौतमले जानकारी दिनुभयो। चरम गरिबी, अशिक्षा, रोग र भोकले आक्रान्त मुसहर समुदाय गाउँका धनाढ्यको आर्थिक शोषणमा छन्।

साप-नेपालले यसअघि सर्लाहीका यी चार पालिकामा मुसहर महिला सशक्तिकरण परियोजना सञ्चालन गरेको थियो। सो परियोजना अन्तर्गत मुसहर महिलाकै अग्रसरतामा चन्द्रनगर र हरिपुरमा महाजनमुक्त बचत तथा ऋण सहकारी संस्था स्थापना गरिएको छ। चन्द्रनगरको सहकारीमा ८५० जना र हरिपुरको सहकारीमा पाँचसय जना महिला शेयर सदस्य रहेका छन्। वित्तीय साक्षरता कक्षामा नवील बैङ्कका क्लष्टर म्यानेजर दिनेश अधिकारी, स्वस्तिक सहकारी बयलवासका व्यवस्थापक विनोद थापा, नवील बैङ्क बरहथवा शाखाका प्रमुख रामबाबु थापा, हरिवन शाखा प्रमुख उत्सव विडारी, लालबन्दी शाखा प्रमुख श्यामबाबु दाहाल, साप नेपालका कोषाध्यक्ष केदार प्रसाद गौतमले सहजीकरण गर्नुभएको छ।

# सिके राउत कसरी हुनुभयो...

सभा र प्रतिनिधि सभा निर्वाचनमा पनि चर्को विरोध गऱ्यो। तीनै तहका चुनाव प्रचारमा त जनमत र जसपा एकअर्काको प्रतिस्पर्धीका रूपमा देखिए। निर्वाचन परिणामले पनि त्यस्तै देखायो।

जसपा र जनमतको विवाद भने पाँच वर्ष पहिले नै शुरू भएको थियो। त्यतिबेला सिके राउतले 'मधेश स्वराज' को अभियान चलाइरहनु भएको थियो। २०७५ भदौ ७ मा तत्कालीन संघीय समाजवादी फोरमले बर्दियामा आयोजना गरेको कार्यक्रममा अध्यक्ष एवं तत्कालीन उपप्रधानमन्त्री उपेन्द्र यादवले सम्बोधन गर्ने कार्यक्रम थियो। त्यति खेर राउतका कार्यकर्ताले यादवलाई कालोझन्डा देखाए। त्यस क्रममा पक्राउ परेका राममनोहर यादवको २०७५ भदौ १५ मा ज्यान गयो। जिल्ला प्रहरी कार्यालयको हिरासतमा चरम यातना दिइएकाले मृत्यु भएको भनी सिके राउतको दावी रहेको छ।

त्यो घटनाबाट सतहमा आएको जसपा र जनमतको विवाद २०७९ सालको चुनावमा पनि देखियो। सप्तरी २ बाट उपेन्द्र यादव विरुद्ध सिके राउत उम्मेदवारी दिनुभयो। र उपेन्द्र यादवलाई १८ हजार ७३ मतले पराजित गर्नुभयो। रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि २०८० वैशाख १० मा बारा-२ मा उपनिर्वाचन भएको थियो। त्यसमा उपेन्द्र यादव उम्मेदवार बन्नुभयो भने सिके राउतले हराउन भरमग्दुर प्रयास गर्नुभयो। तर गठबन्धनको साथ पाएका यादव प्रतिनिधि सभा छिर्न सफल भए।

त्यसले केन्द्रीय राजनीतिमा उपेन्द्र यादवलाई सजिलो भए पनि मधेशमा भने राउत नै लोकप्रिय रहेको कुरा त्यो निर्वाचनले पुष्टि गरेको छ। उहाँ यही कारणले जसपा नेपाल नेतृत्वमाथि आक्रामक बन्नु भएको छ। राजनीतिक विश्लेषक चन्द्रकिशोर पनि जनमत पार्टीको गतिविधि दलभन्दा पनि व्यक्तिविशेषमा केन्द्रित हुँदै गएको बताउनुभयो। मधेश प्रदेश सभामा जसपा तेस्रो ठूलो दल हो। २०७९ पुस २९ मा जसपा नेता सरोजकुमार यादवको नेतृत्वमा प्रदेश सरकार गठन भयो। भूमि व्यवस्था, कृषि तथा सहकारी सहित दुई मन्त्रालय लिएर जनमत सरकारमा सहभागी भएको थियो। वसन्त कुसवाहा कृषि मन्त्री बन्नु भएको थियो।

दुई महीनापछि मुख्यमन्त्री यादवले मन्त्रिपरिषद् हेरफेर गर्दै कुसवाहालाई विना विभागीय बनाइ दिनुभयो। जनमत संसदीय दलका नेता महेशप्रसाद यादवले शिक्षा मन्त्रालय लिनुभयो। कुसवाहालाई विना विभागीय मन्त्रीकै हैसियतमा जनमतले सरकारबाट फिर्ता बोलायो भने श्रम तथा यातायात मन्त्रालयमा चन्दन सिंहलाई पठायो। यसबीचमा धेरै पटक खटपट भए पनि जनमतले सरकार भने छोडेन। पछि विश्वविद्यालय भवन शिलान्यासको विवादपछि सरकारबाट बाहिरिएको थियो। जसपा नेपालका पार्टी मधेश प्रदेशमा अल्पमतमा परेपछि अहिले मधेशमा जनमत पार्टी नेतृत्वमा मधेश सरकार बनेको छ।









# बिहे गर्दैछिन् सोनाक्षी

बलिउड अभिनेत्री सोनाक्षी सिन्हाले बिहे गर्न लागेको खबरले अहिले चर्चा पाइरहेको छ । हालै केही सञ्चार माध्यमहरूले यही महिना प्रेमी जहीर इकबालसँग अभिनेत्री विवाह बन्धनमा बाँधिँदै छिन् भन्दै भारतीय सञ्चारमाध्यमले खबर छापेका छन् । यी समाचारमा उनका पिता शत्रुघ्न सिन्हाको प्रतिक्रिया आएको छ ।

भारतका एक सञ्चारमाध्यमलाई उनले छोरीको बिहेबारे आफूलाई केही थाहा नभएको अनि जे जति मिडियामा पढेको हो त्यति मात्रै थाहा भएको भनि प्रतिकृया दिएका छन् । छोरीले बिहेबारे बताइन् भने आफूले अवश्य आशीर्वाद दिने उनले बताए ।

'म अहिले दिल्लीमा छु । निर्वाचनको नतिजापछि भर्खरै यहाँ आएको हुँ । छोरीको बिहेको योजनाबारे कसैसँग मेरो कुरा भएको छैन ।' बलिउडका जनामाना अभिनेता रहेका सत्रुधन सिन्हाले भने । बालिग भएकोले छोरीलाई आफ्नो निर्णय आफै लिने अधिकार भएको र आफूलाई छोरीको निर्णयमा पूरा भरोसा रहेको उनले प्रतिकृया दिएका थिए । छोरीले बिहे गरिन् भने आफू जन्तीमा सबैभन्दा अगाडि नाचिरहेको देखिने पनि उनले बताएका छन् ।



'म यति मात्रै भन्न सक्छु आजभोलिका बच्चाहरूले बाउ आमासँग सहमति लिँदैनन्, केबल जानकारी गराउँछन् । हामी पनि जानकारी पर्खिरहेका छौँ' शत्रुघ्न सिन्हाले भनेका छन् । बिहेको खबर इन्डिया टुडेको एक रिपोर्टपछि सुरु भएको थियो । यसमा सोनाक्षी सिन्हाले २३ जुनमा मुम्बईमा जाहिर इकबालसँग विवाह गर्ने बताइएको थियो । विवाहमा परिवार, विशेष साथी र हिरामण्डीका कलाकारहरू सहभागी हुन सक्ने समाचारमा भनिएको थियो ।

**देशको अवस्था...**

स्वरूप परिवर्तन, आर्थिक-सामाजिक-साँस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरता छ । भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको प्रयोगमा न्यूनताका साथै बढ्दो सुरक्षा चुनौती रहेको छ । सामाजिक सुरक्षाको कार्यक्रममा बढदो दायित्व, कमजोर व्यवस्थापन तथा न्यून सुरक्षाको अनुभूति भएको छ । समावेशीकरणको क्षेत्रमा नीति, अभ्यास र नतिजा बीचको ठूलो खाडल भने कायमै छ ।

सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमता बीचको खाडल, राजस्व परिचालनको ठूलो हिस्सा आयातमा आधारित, अनिश्चयपूर्ण वित्तीय प्रणालीसँगै वित्तीय सङ्घीयताको कार्यान्वयनमा चुनौती भने कायमै छ । कमजोर विनियोजन कुशलता, न्यून पुँजीगत विनियोजन तथा कमजोर खर्च क्षमता, पूर्वाधारजन्य परियोजना निर्माणको अनियन्त्रित लागत तथा विलम्ब लागतको तुलनामा न्यून प्रतिफलको अवस्था छ ।

**अझै छ सम्भावना**

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै अब राजनीतिक नेतृत्व आर्थिक विकास र समृद्धिको मुद्दामा केन्द्रित भएको छ । तीन तहका सरकारको सक्रियतासँगै तल्लो तहसम्म नै आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका क्रियाकलापहरू बढ्दै गएका छन् । निजी क्षेत्रको व्यावसायिक कुशलता र उद्यमशीलताको विकास भएको छ । उद्योग व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक पुँजी र प्रविधिको उपलब्धता बढ्ने क्रममा छ । सूचना प्रविधिको विकास र प्रयोगको विस्तार भएको छ । कृषि, ऊर्जा र पर्यटन क्षेत्रमा रोजगारी सिर्जनाको प्रचुर सम्भावना रहेको छ ।

तथापि प्राकृतिक स्रोत र साधनको कुशल एवम् प्रभावकारी परिचालन गर्न सके मात्र मुलुकको समृद्धि सम्भव छ । शिक्षा, स्वास्थ्य र सीपको विकाससँगै सक्षम मानव पुँजीको उपलब्धता बढेको छ । यसर्थ प्रत्यक्ष वैदेशिक लगानीको लागि सहज वातावरण तयार गर्न सके देशमा ठूलो लगानी आकर्षण गर्न सकिने सम्भावना छ । कुल जनसङ्ख्यामा सक्रिय युवा जनशक्तिको अनुपात सबैभन्दा बढी रहेको अवस्था छ ।

(२०८१ जेठ २८-३० गते सम्पन्न जसपा नेपालको महाधिवेशनमा सो पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गर्नुभएको राजनीतिक प्रवितेदनको एक अंश:)

**उपेन्द्र यादवको...**

**महेन्द्रीय राष्ट्रवादमा राप्रपा**

राष्ट्रिय प्रजातन्त्र पार्टीले आफूलाई राजाबादी, हिन्दु राष्ट्रवादी पार्टी भन्न रूचाउनले गरेको उल्लेख गर्दै पुराना शासकवर्ग र परिवार, राणा, शाह र पञ्चायती शासनका हर्ताकर्ता पञ्चहरूको राजनीतिक रक्षाकवचका रूपमा यो पार्टीको उदय भएको अध्यक्ष यादवले टिप्पणी गर्नुभएको छ । यो पार्टीले पछिल्लो चुनावमा केही स्थान हासिल पनि गरेको छ । महेन्द्रीय राष्ट्रवाद को पैरवी गर्न राप्रपा धारले बेलाबेलामा कांग्रेस कम्युनिस्टको असक्षमताको धमिलो पानीमा माछा मार्ने प्रयत्न गरेको अध्यक्ष यादवले टिप्पणी गरेका छन् ।

**अर्काको मुख ताक्ने लोसपा**

लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल समावेशीता, राष्ट्रिय पहिचान र अधिकारकारको पक्षधर लोकतान्त्रिक पार्टी भएको उल्लेख गर्दै अध्यक्ष यादवले यो पार्टीसँग आफ्ना केही ऐजेण्डाहरू मिल्ने गरेको बताउनु भएको छ । तर, यो पार्टी देश र जनताको हितमा आफ्नो निर्णय आफैँ लिन सक्दैन, अर्काको मुख ताक्ने गर्ने गरेको तैपनि तर पनि यो पार्टीसँग सहकार्य गर्न सकिने उहाँले बताउनुभएको छ ।

**प्रचारमै सिमित...**

केही गर्न सकिदैन भनि पटक पटक भन्नुभएको छ । त्यसका लागि उहाँले नौलो गणतन्त्र ल्याउन आन्दोलनको तयारीमा लाग्नुभएको छ । अहिलेको सरकार, मन्त्री तथा ब्युरोक्रेसीबाट केही गराउन सकिदैन भनि उहाँले पटक पटक भन्नुभएको छ तर प्रदेशमा आफ्नो पार्टी जनमत पार्टीले सरकारको नेतृत्व पाउने बित्तिकै विभिन्न महत्वकाँक्षी योजनाहरु सार्वजनिक गर्नुभएको छ । उहाँले अहिलेको सरकार तथा मन्त्रीहरु केही गर्न सक्दैन भन्नुभएको छ भने अर्कोतिर यस्तो महत्वकाँक्षी नीति तथा कार्यक्रम ल्याउनु भएको छ । ती योजनाहरु अनुसार काम होला भनि कसैले विश्वास गर्न सक्दैन ।


## वडा कार्यालयको अपिल

### तपाईको स्वास्थ्य हाम्रो अठोट

### समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

प्रोफाइल



# मधेसी जनताको सल्लाह अनुसार अगाडि बढ्छु

■ अनिलकुमार झा

बुबा प्रेमनारायण झा र आमा आनन्दीदेवी झाको कोखबाट वि.सं. २०२५ चैत्र कृष्ण पक्षको तृतिया तिथिमा जन्मेको ५६ वर्षिय म अनिलकुमार झा, मेरो स्थायी ठेगाना रौतहट जिल्ला गाविस मत्सरी वार्ड नं. ६ रहेको छ। म तीन दाजु-भाईमा माईलो र छ दिदी-बहिनी मध्ये ५ भन्दा कान्छो र १ भन्दा जेठो रहेको छु। दाजुभाई यज्ञानन्द र नवीन कुमार रहनुभएको छ भने दिदीहरुमा मीरा, मालती, धर्मशिला, आशा र रक्षा हुनुहुन्छ भने एकजना बहिनी मिना बीरगंजमा बस्छिन्। ८० वर्षिय बुबा गाउँमा खेती किसानी गर्नुहुन्छ भने आमा पूर्णरुपेण गृहणी हुनुहुन्छ। काठमाडौं स्थित रानीबारीमा पनि मेरो आफ्नै घर रहेको छ।

मेरो विवाह २०५२ बैशाख २५ गते (मे ११, १९९५)मा भारत, विहारको सीतामढी जिल्लाको सभा ससौला गाउँका डिम्पलकुमार झासँग भयो। दुखद कुरा मेरो श्रीमतीको निधन भइसकेको छ। मेरो विवाह मागी भएपनि हाम्रो पहिले देखि नै चिनजान र भावनात्मक रुपले एक अर्को संगै विवाह गनु पर्छ भने कुरामा सहमत भएरै विवाह गरेका थियौ। मेरी श्रीमति डिम्पल, मेरो बहिनी ज्वाई (मीनाको श्रीमान् हरि माधव मिश्र) को मामाको छोरी छिन्। म आफ्नो बहिनीको घरमा जाँदा आउँदा चिनजान भएको थियो तर त्यो चिनजान विवाहमा परिणत भएका थियो।

पिता श्री सुदर्शन पाठक र आमा श्रीमति शोभा पाठककी एकलौटी सन्तानकी रुपमा १२ मे १९७९ मा जन्मेकी डिम्पल आइ.ए.सी. विहारको सीतामढीबाट प्रथम श्रेणीमा पास गर्की थिइन भने विहेपछि काठमाडौमा मैं सँग बसेर पद्मकन्या क्याम्पसमा बी.ए. पढ्न थालिन्। पढ्दै गर्दा उनी महाराजगंज क्याम्पसमा डिप्लोमा फार्मेसीमा नाम निकालेर डिप्लोमा फार्मेसी गरिन्। उचित कुरा गर्दा डिम्पललाई समेत सास्ती खेप्नु परेको तथ्य स्मरण गर्दा मेरो जिउ नै सिरिङ्ग भएर आउँछ। शैक्षिक भ्रमणमा भारतको दार्जीलिङ्ग जाँदै गर्दा पहाडको अन्कन्टार बाटोमा महिला विद्यार्थीहरुलाई छाडेर मौज गरेर हिंडने एक जना म्याडमलाई त्यस्तो नगर्न आग्रह गर्दा डिम्पललाई एउटै विषयमा ३ पटक सम्म उनै म्याडमले फेल गराईन्। उनको ३ वर्षको समय खेर पनि गयो, तर अन्त्यमा सत्यको विजय हुन्छ, उनी उच्च म्यानेजमेन्टको निगरानीमा गरिएको कपी परिक्षणमा पास भईन्। डिप्लोमा फार्मेसी गरेपछि बी.ए.एम.एस.(आयुर्वेद) को कोर्सको लागि छात्रवृति प्राप्त गरेपछि साढेपाँच वर्षसम्म भारतमा बढेकी थिइन्।

**शिक्षा र जागिर**

म सर्लाही (त्यस समयको रौतहट) जिल्लाको प्राथमिक विद्यालय, धुर्वामा तीन कक्षासम्म पढें भने सरस्वती माध्यमिक विद्यालय पिपरा भलोहिया, रौतहटबाट २०४१ सालमा दोस्रो श्रेणीमा एस.एल.सी. पास गरें। एसएलसी पास गरेपछि भारतको विहार इन्टरमिडिएट एजुकेशन काउन्सिलबाट २०४३ सालमा आइएस्सी पास गरें। २०४५ सालमा काठमाडौको पाटन क्याम्पसमा भर्ना भए पनि केहिं समयमैं अमृत साइन्स क्याम्पसमा सरुवा गरेर बीएस्सी पढें। म एउटा विशुद्ध र अनुशासित र सकेसम्म आत्मनिर्भर भएर पढने विद्यार्थी थिए। विद्यार्थी कालमा, आफुलाई याद भएदेखि नै पढाई का साथसाथै बुवालाई गृहस्थिमा सधैं सघाउदैं आएको थिए। त्यसैले होला मलाई गृहस्थिको सबै काम अहिले पनि राम्ररी आउँछ जस्तो लाग्छ। तर, त्यसैले होला अन्य कुनै क्रियाकलापमा लाग्ने समय नै पाइएन्। भारत त्यत्रो राजनीतिको अखाडा हो म त्यहाँ पढ्दा मलाई त्यहाँको राजनीति माहौलले कहिले छोएन् अर्थात पढाइ बाहेकको कुनै गतिविधिमा लागिएन।

२०४३ सालमा आइएस्सी जाँच दिएर रिजल्ट नआएसम्म र पछि नेपालमैं बीएससी पढ्ने निर्णय गरेको कारण एक डेढ वर्षको ग्यापमा म हेटौडा ज्ञानोदय बालबाटिका हाइस्कूलमा करिव १० महिना जति पढाए जहाँ मेरो तलब छ सय रुपियाँ थियो। त्यहाँ शिक्षक भएर काम गरेको त्यो अवधि नै मेरो लागी जागिरको अवधि थियो। अमृत साइन्स क्याम्पसमा भर्ना भएपछि हेटौडा छाडेर काठमाडौ आए, यहाँ आएपनि क्याम्पसमा पढ्दै स्कूले विद्यार्थीहरुलाई ट्यूशन पढाउथे। म राजनीतिमा जस्तै आफ्नो विद्यार्थी जीवनमा पनि आफैमा 'डिपेन्डेड' हुनचाहन्थें। घरबाट आउने खर्च 'सेन्सर्ड' हुने भएकोले म अभिभावकले दिने खर्च मात्रै माथि कहिले भर परिन्, फेरी आफु किसानको छोरा, घरबाट विद्यार्थीलाई हिसाव किताब गरेर नै रकम पठाउँने कुरा हुन्थ्यो। काठमाडौको हिसावले खर्च मेन्टन गर्न पनि म ट्यूशन पढाउँथे। त्यो आत्मनिर्भर रहने बानी मलाई अहिले पनि काम लागी रहेको छ, ठीकै सोंचेको थिए जस्तो लाग्छ। राजनीतिमा रहदाँ पनि म त्यस प्रकारको स्वभाव नै रहेको अनुभव गर्छु। परिवर्तन भएको जस्तो आफैंलाई त लाग्दैन्।

**राजनीति र संघर्ष**

२०४५ अघि म कुनै राजनीतिमा सहभागि थिइन, मलाई त्यसबेला राजनीतिसँग कुनै मतलब पनि थिएन। पढाइ लेखाइ र आफ्नो घरव्यवहारसँग मात्र मतलब राख्थें। यहाँसम्म कि म हेटौडामा पढाई रहदाँ त्यहाँ मलाई मधेशी भनेर अन्य शिक्षक साथीहरुले जिस्काउथे। स्व. गजेन्द्रनरायण सिह त्यसबेला राष्ट्रिय पञ्चायतको सदस्य हुनुहुन्थ्यो। वहाँको समाचारहरु पत्रपत्रिकामा आइरहन्थे र त्यसै विषयसँग जोडेर त्यसको जवाफ साथीहरुले मसँग माग्नु हुन्थ्यो र मलाई गजेन्द्रबाबुको प्रतिनिधिको रुपमा हेर्दै नकरात्मक कुराहरु भनेर जिस्कउथे त्यहाँ मधेशी शिक्षक भनेको म एकजना मात्रै थिए।

तरपनि म राजनीति तर्फ आकर्षित भइनन्। म आफ्नो कामसँग मात्रै मतलब राख्थे। बीएस्सी पढ्न काठमाण्डौ आए पछि बहुदलको आन्दोलन शुरु हुने संकेतहरु देखिन थाल्यो, त्यसै अनुसारका गतिविधिहरु सुरु भयो। त्यसमा एउटा प्रजातन्त्रवादी तर स्वतन्त्र विद्यार्थीको नाताले युवाहरुसँग नारा जुलुसमा जान्थें त्यसलाई के भन्ने ? राजनीतिक चेतना कि युवाको लहड आफै जस्टिफाई गर्न सक्दिन। जे होस्, म जान्थें, नारा जुलुस लगाउँदै एक अमुक आन्दोलनकारी जसको के उद्देश्य, के चाहना ? थाहा थिएन, तर आन्दोलनको भीडमा हाम्फालेको थिएँ। त्यहाँ जतिपनि पर्चा पम्पलेटहरु बाँडिन्थ्यो म सबै कलेक्सन गर्थे र डेरामा लगेर पढ्थे, त्यसलाई जतन गरेर राख्थे तर म त्यो किन गर्थे मलाई आफै थाह थिएन।

आन्दोलनकै बीचमा होली परेको थियो। होलीको विदामा घर जान तयारी भएँ। मसँग एकजना सिनीयर अंकल पर्ने गाँउले हवल्दार देवेन्द्र झा संगै, एउटै फ्ल्याटमा बस्नुहुन्थ्यो। हामी दुवैजना संगै होली मान्न घरजाने तयार भयौं। आन्दोलन जारी थियो, झडपहरु जारी थियो, धरपकड जारी थियो। मैले कलेक्सन गरेको पर्चाहरु पनि एकएक प्रति लिए। देवेन्द्र हवल्दार अंकललाई जानकारी नदिइकन आफुले संकलन गरिराखेका जनआन्दोलन २०४६ का सबै पर्चा र अपीलहरु उहाँकै झोलामा राखिदिएँ। उहाँ बर्दीमा नै घर जान लाग्नु भएको थियो, कारण थियो, बर्दीमा जाँदा उहाँहरुलाई त्यस बेला बसमा भाडा लाग्दैनथ्यो। हामी घर पुग्यौ, घरमा पुगेपछि हवल्दार अंकलको झोलाबाट पर्चा झिकेपछि उहाँलाई थाहा भयो र उहाँ अचम्म मान्नु भयो, र पछि उहाँपनि छक्क पर्नुभयो। त्यो पर्चा त्यहाँका युवाहरुलाई देखाएँ, जो आन्दोलनमा थिए। मेरो गाँउ आन्दोलन को मोर्चामा जिल्ला भरिमै अगाडी थियो। हाम्रो स्थानीय प्रहरी थाना आन्दोलनकारीहरु त्यस भन्दा पहिले नै जलाई दिएका थिए।

२००७ सालको बैरगनियाँ सम्मेलन हाम्रै गाँउ र जिल्लाका जमिन्दारका छोराहरुले खर्च दिएर गराई दिएको पृष्ठभूमि हाम्रो थियो र अहिले पनि हामी त्यसमा गर्व गर्छौं, बी.पी., सुवर्ण, भद्रकाली, टंक प्रसाद, गणेशमान, किसुनजी, तुल्सीलाल, विष्णुबाबु, गिरिजा बाबु र गजेन्द्र बाबु जस्ता सबै कहलिएका नेता देखि अहिलेका प्रधानमन्त्री माधव कुमार नेपाल सम्म मेरो गाँउ त्यसभन्दा पहिले नै पटक पटक भ्रमण गरिसक्नु भएको थियो, कति त मेरो जन्म भन्दा पनि पहिले, कति हामी सानो छदाँ नै र कति अहिले पनि गई राख्ने नामहरु हो यो।

खैर अगाडी बढौं, २०४६ को आन्दोलनका ती पर्चा देखेपछि युवाहरु उत्साहित हुँदै आन्दोलनमा झन् सक्रिए भए। त्यो पर्चालाई फोटोकपी गरेर ल्याउन मलाई भनियो। म साइकल लिएर भारतको सीतामढी गए त्यहाँ सबै पर्चाहरुको थुप्रै फोटोकपी गराए। उताबाट फर्कन थाले। सर्लाही जिल्लाको मधुवनी गाउँको बोर्डरमा मलाई नेपाल प्रहरीको गस्ती टोलीले चेक जाँच गर्‍यो र पर्चा सहित म समातिए। मलाई त्यहाँबाट लछार्दै फछार्दै गडहिया डुमरिया थानामा लगियो, राती त्यहीं थुनुवा कोठामा राखियो। भोलीपल्ट सर्लाही जिल्लाको सदरमुकाम मलंगवा लगियो। त्यस बेला जिल्लामा डी.एस.पी.को दरबन्दी हुन्थ्यो तर मलाई त्यहाँ ल्याई पुर्‍याउदा कुनै कारणवश डी.एस.पी. त्यहाँ थिएनन्, तर इन्स्पेक्टर त्यहीं थियो, उसले एउटा कोठामा लगेर मलाई कुट्नसम्म कुटे, यति कुटे की उसको कुटाइबाट म बेहोस भए।

जब होश खुल्यो एउटा कोठामा मुर्दा जस्तो भूँइमा लडेको थिए महेन्द्रराय यादव र ने.वि.संघका नेता बलराम झा पहिलेदेखि त्यहीं कोठामा थुनिएर राखिनुभएको थियो। महेन्द्रजीले मेरो बेहोश अनुहारमा पानी छर्किरहनु भएको थियो भने बलरामजीले हार्डवोर्डको पंखा जस्तो बनाएर बेहोश अनुहारमा हावा चलाएर होशमा ल्याउने प्रयास गरिरहनु भएको थियो होला जस्तो लाग्छ। केहीं दिनको थुनुवा जिवन पछि मलाई त्यहाँबाट सिडियो कार्यालय लग्यो र त्यहाँ मलाई सोधपुछ गरियो। कुन पार्टीका हौ भनेर सोध्यो म कुनै पार्टीबाट नभएको कारण म त्यही भने त्यतिकैमा त्यहाँ उभिएको एकजना प्रहरीले मधेयिा हो यिनी पक्कै नेविसंघ को हुनुपर्छ भन्दै शंका गरे, तर मैंले होईन भनेर प्रतिवाद गरें। अर्को एकजना प्रहरीले पुनः भने कि सर त्यसो भए यो काठमाण्डौमा पढछ, युवा छ कम्युनिष्ट होला, सर ! तर पुनः मैंले होईन भने। त्यसपछि त्यो जवानले भनेछ, सर, यसको साथबाट गजेन्द्रनारायण सिंहको नामको पर्चा पनि पाइएको थियो, त्यसो भने यो पक्कै सद्भावना पार्टीको मान्छे हो।

**त्यसपछि सद्भावना भए**

त्यतिकैमा अचानक त्यहाँ रहेका अ.स.ई.ले मेरो कानमा लगातार तीन झापड हान्दै गाली गर्दै भन्यो, प्रजातन्त्र पनि चाहिने, राजनीति पनि गर्ने र देश पनि टुक्राउने ? र त्यति भनेर जथाभावी कुट्न थाल्यो। प्रहरीको त्यसप्रकारको व्यवहार हेरेर म अचानक निर्णय गरें र पाँच सेकेण्ड भित्रै भन्दिऐं, हो ! हो ! म सद्भावना हो ! र, त्यस दिनदेखि नै म सद्भावना पार्टी को स्वघोषित सदस्य भएँ।

त्यसबेला रौतहट जिल्लाबाट रा.पं.स. निर्वाचित गुञ्जेश्वरीप्रसाद सिंह स्वास्थ्य मन्त्री हुनुहुन्थ्यो। पंचायतको २०४३ को चुनावमा उहाँलाई नै हाम्रा आफन्तहरुले मत दिएका थिए। म समातिए पछि स्वभाविक रुपले मेरा आफन्तहरु उहाँकोमा गयो होला र मलाई अबिलम्ब रिहा गर्न उहाँको तर्फबाट प्रेसर हुन थालेको थियो होला। उता युवा आन्दोलनकारी साथीहरुको पनि आन्दोलनले प्रेसर परिरहेको थियो। सर्लाहीको सि.डि.ओ.ले एक दिन बिहानै मलाई बोलाएर सम्झाई बुझाई गरे र भने आन्दोलन नगर्ने शर्तमा हस्ताक्षर गरेर रिहा भई हाल्नु र व्यवस्थाको विरोधमा अब उप्रान्त नलाग्नु ल ! मैंले त्यतिकै छोडने भए छुट्ने, होईन भने थुनामैं बस्ने भने पछि मलाई भयंकर गाली गर्दै र कुट्दै थुनामा लगे, सिपाहीहरु भन्दै थिए सोर्स पनि लगाउँछस् छुट्न पनि चाहदैनस्।

**बहुदल आएपछि रिहा**

त्यसपछि मलाई अड्डासार गर्दै रौतहट लगे, त्यहाँ झन मलाई पुर्‍याउदा नपुर्‍याउदैं मलाई रिहा गर्ने प्रेसर झनै बढ्यो। त्यहाँका डिएसपीले त झन एकदिन पनि राख्न सकेन र जहाँ वारदात भएको हो त्यहीं कार्रवाही चलाउने भन्दै त्यहीं दिन नाइटबसबाट प्रहरीको साथमा लगाई चन्द्रनिगाहपुर हुदै पुनः सर्लाही पठाइ दिए। त्यसपछि लगातार मलाई सर्लाही मैं थुनेर राखियो। २०४६ चैत्र २६ गतेका दिन बहुदल घोषणा भए पछि अरु आन्दोलनकारीहरु संगै मलाई पनि प्रशासनले ससम्मान रिहा गरे। थुनामुक्त भएपछि हाम्रो उत्साहको सिमा रहेन, म आफ्नो गाउँ रौतहटको मत्सरी गएँ। त्यहाँ युवाहरुले खुशियाली मनाए, साथीहरुले म समेत अरु पनि आन्दोलनको सफलता संगै थुनामुक्त भएकाहरुलाई अविर माला लगाएर गाउँभरी घुमायो।

**गजेन्द्रनारायण सिंहसँग भेट**

छ सात दिनपछि म काठमाडौ आए। २०४७ बैशाख तिरको कुरा हो। गजेन्द्रबाबुले मलाई भेट्नको लागि बोलाउनु भयो। सायद सदभावनाको नाममा थुनिएकोले होला उहाँले मलाई आन्दोलनकै क्रममा भेंटन चाहनु भएको थियो, नाम सुन्नु भएको रहेछ। दुवैजनासँग प्रत्यक्ष भेटघाट थिएन, म पनि उहाँको नाम मात्र सुनेको थिएँ। पत्रपत्रिका र कहिलेकाहीं टी.भी.मा फोटो हेरेको थिए। मलाई बोलाएको दिन म शान्तिनगरको भिमसेनगोलास्थित उहाँको डेरामा गएँ तर उहाँले दिएको समयमा म त्यहाँ पुग्न सकेको थिएन ठ्याकै त्यो समय अहिले सम्झन सकिरहेको छैन। म त्यहाँ पुगेपछि उहाँ कतै जाने भनेर होला, गाडीमा चढ्दै हुनुहुन्थ्यो। म हतपत त्यहाँ गएर भने नेताजी, मैं अनिल कुमार झा, आपसे हीं मिलने आया हूं, आपने मुझे बुलाया था, न ! त्यसपछि त उहाँले मलाई बेस्सरी झपार्नु भयो। समयकै पाबन्दि नभएर होला, मधेशी सुध्रनेवाला छैन्।

यसैकारण मधेशी युवा पछाडी परेका छन्, आदि आदि कुराहरु भन्दै पछि आउनु भनि गाडिमा चढेर जानु भयो। त्यहाँ त म हेरेको हेर्‍यै भएँ। तीन-चार दिनपछि पुनः उहाँले भेट्ने समय दिनुभयो। त्यो दिन म पनि ठिक समयमा पुगें। त्यहाँ गएपछि उहाँ यस्तो सालिन र नरम ढंगले प्रस्तुत हुनुभयो कि पहिलो दिनको गजेन्द्रबाबु र त्यस समयको गजेन्द्रमा म धेरै फरक पाएँ। उहाँले त्यो दिनको घटनालाई लिएर एक्सक्यूज भन्नुभयो। उहाँको त्यस्तो बिनम्र कुरा सुनेर मैले भनेको थिए, पहाडियाहरुले मधेशी भनेर यति गाली गर्दा त हामी अन्यथा मान्दैनौं भने तपाई त हाम्रा अग्रज, त्यसमा पनि मैंले नै समयमा नआएर भेंट भएन र तपाईंले समयको पालन गर्नु पर्छ भनेर गाली गनुभएको थियो त्यो राम्रै हो। तपाई हामी मधेशीको पक्षमा काम गर्नु हुन्छ, मधेशी को कमी कमजोरी बताउने जिम्मेवारी पनि तपाईं कै हो।'

उहाँले मलाई विद्यार्थी राजनीति गर्न भन्नुभयो र म त्यस काममा लाग्ने बचनबद्धता गरेर काममा लागें। पछि बेलाबेलामा उहाँसँग भेटघाट भईरहन्थ्यो। म राजनीतिक गतिविधिमा लागें। २०४७ साल साउन २७ गते नेपाल सद्भावना विद्यार्थी मञ्च, काठमाण्डौ उपत्यका समितिको संयोजक भएर म मेरो राजनीतिक यात्रा औपचारिक रुपमा आरम्भ गरें। २०४७ कै माघमा विद्यार्थी मंचको केन्द्रिय तदर्थ समिति गठन भयो र म त्यसको संयोजक भएँ।

विद्यार्थीको संयोजक भएपछि म सिंगो नेपाली र खासगरी मधेशी विद्यार्थीको हकहितको लागि दिनरात खट्न थाले। आवश्यक परेको बेला गजेन्द्रबाबुसँग भेट्थे नत्र म आफै काममा लागि रहन्थे। मैले आफैले गरेको कामको कुरा गरें भने त्यो आफैले आफैलाई प्रशंसा गरेको जस्तो हुनजान्छ। तर, त्यस बेला विद्यार्थी मञ्चबाट थुप्रै ऐतिहासिक कामहरु गरिएका थिए। पुरै देशमा संगठन विस्तार गरियो, त्यस अवस्थामा पनि काठमाडौको आयुर्वेद क्याम्पस, नरदेवीमा नरेन्द्र कुमार झाको अध्यक्षतामा हाम्रो पुरै प्यानल स्व.वि.यु. निर्वाचन जितेको थियो। देशको विभिन्न ठाउँमा पनि विद्यार्थीहरुले राम्रो स्थान ल्याएका थिए। त्रिपुरेश्वरमा हाम्रो कार्यालय थियो। विद्यार्थी मंचको नाममा टेलिफोन, फ्याक्स र पोष्ट बक्स समेत थियो। त्यहाँ दिनहुँ जसो विद्यार्थी नेता तथा अन्य कार्यकर्ताहरुको जमघट लाग्दथ्यो। त्यसबेला टी.यू.को होस्टलमा जिल्ला जिल्लाको कोटो छुट्याएको थियो, जसकारण मधेशी विद्यार्थीलाई त्यहाँ प्रवेश पाउन गाह्रो थियो, त्यसलाई हामीले हटायौं। अ.हे.ब.लगायतको भर्नामा पनि जिल्लागत कोटाहरु राखेर मधेशी नियोजनको नीति राखिएको थियो, भारतबाट एम.ए. पढेर आउनेको मार्क काटिन्थ्यो, त्यो पनि हटाउन लगाईयो। लोकसेवा आयोगमा हिन्दी विषय पढ्नेहरुको मार्क्स काट्ने गरिन्थ्यो, त्यो पनि हामीले खारेज गर्न लगायौ। यसरी नै मञ्चको माध्यमबाट थुप्रै कामहरु गर्‍यौ।

अहिले जस्तो त्यसबेला मधेशका नाममा पसलहरु खुलेको थिएनन्। जो जति व्यक्तिहरु थिए सबै कमिटेड र सलेक्टेड प्रकारको हुन्थ्यो। त्यसमा कुनै कुराको स्वार्थ थिएन, कुनै पद पाउने आशामा संगठनमा आउदैनथ्यो, सबैले मुद्दामा केन्द्रीत भएर आन्दोलन गर्न आउँथे। अहिले त थुप्रै पसलहरु खुलिसकेका छन्, जो कोही आउनेवित्तिकै पैसा, पद र प्रतिष्ठा खोज्न थाल्छ। तुरुन्तै शुभ लाभको कुरा गर्न थाल्छ तर त्यसबेला त्यस्तो थिएन।सद्भावना पार्टीले नै धेरै पहिले मुद्दालाई संस्थागत गरेको कारण आज जे प्राप्त भएको छ वा जुन प्राप्त हुने संकेत देखिदैंछ, त्यो त्यसैको कारणले गर्दा हो।

विद्यार्थी मञ्चमा आफ्नो कार्यकालमा तीनवटा महाधिवेशन गराएर तीन पटकसम्म निर्वाचित अध्यक्ष भएको थिएँ। मैले २०५२ सालमा विद्यार्थी मञ्चको राजनीति छोडेर सदभावना पार्टीको मूलधारमा राजनीति गर्न भन्नु भएको थियो। गजेन्द्रबाबु अध्यक्ष रहेकै बेला म २०५२-०५३ सालसम्म कार्यालय सचिवमा रहेर काम गरें। त्यसपछि २०५४ सालदेखि २०५६ सालसम्म केन्द्रीय संसदीय समितिको सदस्य र अनुशासन समितिको सचिव भएर काम गरें। २०५६ सालको निर्वाचनपछि केन्द्रीय सदस्यमा मनोनित भए। त्यसबेलाको संसदमा बद्री प्रसाद मण्डल, राजेन्द्र महतो, ह्रदयेश त्रिपाठी, यज्ञजित साह र मृगेन्द्रकुमार सिह यादवले संसदीय निर्वाचन जित्नुभएको थियो। २०५६ कै वर्षातमा म सदभावना

बाँकी पृष्ठ १२ मा

# ‘ब्राण्डिङ’ हुँदै लहानको आँप

काठमाडौंलगायत देशमा विभिन्न ठाउँमा लहानको आँप भनेर बिक्रि भइरहेका हुन्छन् । लहान आँप भन्ने वित्तिकै उपभोक्ता पनि आकर्षित हुन्छ । यहाँसम्म कि व्यपारी तथा बिक्रेताले जुनसुकै आँपलाई लहानको आँप भनेर बिक्रि गरिरहेका हुन्छन् । कही कही त लहानको आँप भनेर बोर्ड नै झुण्ड्याइएका हुन्छन् । कार्टुनहरुमा पनि लहानको आँप लेखिएका हुन्छ ।

आँपको राजधानी लहानलाई भनिन्छ । लहानलाई आँपको पकेट क्षेत्रका रूपमा चिनिन्छ । मुख्यगरी यहाँको वडा नम्बर १२, १३, १४, १५, २३, १५, १८, १९ र २४ मा किसानले आँपखेती गर्ने गरेका छन् । किसानहरुले यहाँ व्यवसायिक रुपमा आँपको खेती गर्न थालेको छ ।

लहान नगरपालिकाले गत वर्षदेखि लहानमा उत्पादित आँपको ‘ब्राण्डिङ’ गर्न थालिएको छ । आँपको राजधानी मानिएको लहानबाट औपचारिकरूपमा आँपको सङ्कलन, ‘ग्रेडिङ’, ‘प्याकेजिङ’, ‘ब्राण्डिङ’ तथा बजारीकरण कार्यक्रम सुरु भएको हो । गत वर्ष ३० मेट्रिक टन आँप ब्राण्डिङ गरी काठमाडौंलगायत देशका विभिन्न सहरमा बिक्री वितरण गरेको लहान नगरपालिकाले यस वर्ष ५० मेट्रिक टन बिक्री गर्ने लक्ष्यसहित लहानको आँप ‘ब्राण्डिङ’ कार्यलाई निरन्तरता दिएको नगरपालिकाका कृषि शाखाका संयोजक एवं वडा नं १२ का वडाध्यक्ष बद्रीनारायण चौधरीले बताउनुभयो ।

यहाँको आँपलाई नेपाली बजारमा पहिचान दिलाउने र उपभोक्ताले विषादिरहित शुद्ध आँप उपभोग गर्न पाउन् भनी नगरले निजी क्षेत्रसँग समन्वय गरी आँपको ब्राण्डिङ थालेको उहाँले जानकारी दिनुभयो । गत वर्षभन्दा यस वर्ष व्यवस्थित रूपमा यहाँको उत्पादित आँपको ब्राण्डिङ गरी बजारीकरण गर्ने योजनाअनुसार काम यहाँको सरस्वती कृषि फार्मसँग सम्झौता गरी आँपमा लोगो लगाएर काठमाडौं पठाउने तायारी गरिएको छ”, संयोजक चौधरीले भन्नुभयो, “किसानले असार सुरु भएसँगै मालदह आँप बजारमा ल्याउन थाल्ने भएकाले सङ्कलन गरी पठाउन सम्पूर्ण तयारी गरिएको छ ।”

नगरपालिकाले आँपको जातीय शुद्धता र गुणस्तरीयतासहित काठमाडौंको शान्तिनगरमा ‘ लहानको आँप’ बिक्री कक्ष सञ्चालन गर्ने भएको छ । राष्ट्रव्यापी अनलाइन माग तथा ‘होम डेलिभरी’का लागि ओयो पसललाई आधिकारिक ‘अनलाइन पार्टनर’ नियुक्त गरिएको कृषि शाखा प्रमुख प्रकाश साह हलुवाईले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ उत्पादित आँपको ब्राण्डिङ, प्याकेजिङ, डेलिभरी, ढुवानी, बिक्रीकक्ष तथा अन्य आवश्यक सामग्रीमा ५० प्रतिशत अनुदान दिई निरन्तर अनुगमन र मूल्याङ्कनसमेत गरिनेछ ।

स्थानीय आँपको ब्राण्डिङसँगै नगरपालिकाले राख्ने दरभाउमा यहाँका किसानले राम्रो मूल्य पाउने भएपछि आँप खरिद बिक्रीमा बिचौलिया वर्गले लाभ उठाउने परिपाटीको अन्त्य गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, “यहाँका किसानलाई उत्साहित बनाउन नगरपालिकाले आँपको ब्राण्डिङ गरेको हो । यसले यहाँ उतिपदत आँपको पहिचान बनाउने छ । योसँगै उपभोक्ताले विषादीरहित नेपाली आँप बजारमा पाउनेछन् ।” नगरप्रमुख चौधरीले आँपलाई लामो समयसम्म भण्डारण गरिराख्न चिस्यान केन्द्र आवश्यक भएको भन्दै त्यसका लागि प्रदेश तथा सङ्घीय सरकारलाई सहयोगका लागि अनुरोधसमेत गर्नुभयो ।

कृषि विद्युतीकरणका लागि मुख्यमन्त्री अग्रसर

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशका आठवटै जिल्लामा कृषि विद्युतीकरणको काम अगाडि बढाउन छलफल सुरु गर्नुभएको छ । उहाँले नेपाल विद्युत् प्राधिकरणका मधेश प्रदेश प्रमुख मोनिन्द्र ठाकुरलगायतसँग यस विषयमा छलफल गर्नुभएको हो । किसानलाई सिँचाइको सुविधा सहज बनाउन खेतमा विद्युत् पुऱ्याउने लक्ष्यअनुरुप मुख्यमन्त्री सिंहले छलफल अगाडि बढाउनुभएको हो ।

प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा पनि कृषि विद्युतीकरणलाई प्रदेशको गौरवको परियोजनाको रूपमा समावेश गरिएको छ । आठवटै जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा विद्युतीकरणका लागि एक करोड विनियोजन गरिएका बारे मुख्यमन्त्रीले जानकारीसमेत गराउनुभएको विद्युत् प्राधिकरणका मधेस प्रदेश प्रमुख ठाकुरले बताउनुभयो । उहाँले भन्नुभयो, “मुख्यमन्त्रीले किसानका लागि कृषि विद्युतीकरणको कार्य कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा राय लिनुभयो । पुराना अव्यवस्थित तार र संरचनालाई व्यवस्थापन गर्न पनि ध्यानाकर्षण गराउनुभएको छ ।”

यसैगरी बिजुली बत्ती नपुगेका विपन्न बस्तीको तथ्याङ्क सङ्कलन गरी त्यहाँ विद्युत् पुगाउने विषयमा पनि छलफल भएको थियो । मुख्यमन्त्री सिंहले यहाँका विपन्न घरपरिवारलाई निःशुल्क विद्युत् मिटर उपलब्ध गराउन राखेको प्रस्तावमा प्राधिकरण सकारात्मक भएको प्रमुख ठाकुरले बताउनुभएको राससमा उल्लेख छ । उखु किसानले पाए एक अर्ब ६१ करोड भुक्तानी

महोत्तरी जिल्लाको गौशाला नगरपालिका-१ रामनगरमा अवस्थित एभरेष्ट सुगर मिलबाट उखु किसानले एक अर्ब ६१ करोड १० लाख ६३ हजार भुक्तानी लिएका छन् । एभरेष्ट सुगर मिलका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले १४ हजार पाँच सय किसानलाई उक्त रकम भुक्तानी दिइएको बताउनुभयो । उहाँले भन्नुभयो, “चालु आर्थिक वर्षको किसानको बक्यौता चुक्ता भएको छ ।”

समयमै भुक्तानी पाएपछि उत्साहित भएका उखु किसानले थप जमिनमा उखु रोप्ने बताएका छन् । गौशाला नगरपालिका-११ का किसान दिनेश कुशवाहाले थप जमिनमा खेती बढाउने बताउनुभयो । सो मिलले चालु आर्थिक वर्षमा महोत्तरी, धनुषा, सर्लाही र रौतहटका १४ हजार ४४४ जना किसानबाट २९ लाख चार हजार ५११ क्विन्टल उखु खरिद गरेर कूल दुई लाख ६४ हजार ४९१ क्विन्टल चिनी उत्पादन गरेको महाप्रबन्धक ठाकुरले जानकारी दिनुभयो । *(रासस)*

**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३१*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं ।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९




"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

**दूध एक फाइदाअनेक**

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ ।

**राष्ट्रिय दुग्ध विकास बोर्ड**
**ललितपुर, नेपाल**
**फोन. ०१–५५२५४००**



## समाचार/विविध

# मधेसी जनताको...

पार्टीको सह-महासचिव भएर काम गरे । २०५८ माघ ९ गते गजेन्द्रबाबुको स्वर्गारोहण पछाडी पार्टीको कार्यबाहक अध्यक्ष बद्री प्रसाद मण्डल हुनुभयो । उहाँको क्रियाकलापले पार्टी विभाजित भयो । यता आनन्दी देवी सिंहलाई कार्यवाहक अध्यक्ष बनाएर छुट्टै पार्टी सञ्चालन भयो जसलाई पाँच दल, चार दल र पछि सात दल अनी आठ दलको एक सशक्त कडीको रुपमा हामीले लोकतान्त्रिक आन्दोलन गर्‍यौं ।

**सद्भावनाका नेता भारतमा**

आन्दोलनकै क्रममा आनन्दी देवी राजविराजमा भएको कारण पार्टीको बैठक राजविराजमा बस्ने कुरा लिएर हृदयेश त्रिपाठी मलाई जानकारी नदिइ उता तिर लाग्नुभयो । उहाँ एयरपोर्टमा गएर मलाई फोन गर्नुभयो कि राजविराजमा पार्टीको बैठक छ म उतै जान लागेको हो, बैठकमा आउनु पर्‍यो, भन्नुभयो । यता राजेन्द्र महतोको बच्चा विरामी भएर वहाँ लामो समयदेखि बच्चाको उपचारको सिलसिलामा दिल्लीमा हुनुहुन्थ्यो र त्यहीं बीचमा राजाले २०६१ माघ १९ मा 'कु' गरेर सम्पुर्ण राज्यसत्ता आफ्नो हातमा लिएर आन्दोलन दबाउन थाले । राजविराजमा भएका सदभावनाका सबै नेता संगै त्यहाँबाट विदा भै लामो समय सम्म भारत मैं बसे ।

२०६१ माघ १९ मा राजाले गरेको 'कु' मेरो जीवनकालको सबभन्दा कालो राजनीतिक दिन थियो, मेरो १५ वर्षे राजनीतिक जीवनमा त्यो भन्दा कठीन दिन मैंले देखेको थिइन् । तर त्यस्तो समयमा सद्भावनाको नेतृत्व तहकाहरु मध्येबाट काठमाण्डौमा म मात्रै सडकमा थिएँ । राजाले कु गरेपछि त्रिपाठी उतैबाट भारत बोर्डर कट्नु भएको थियो भने राजेन्द्र महतो त दिल्लीमै हुनुहुन्थ्यो । लगातार दुई महिनासम्म म अन्डरग्राउण्ड नैं बसें, सडकको सडकमै रहें, काठमाण्डौमा रहेको आफ्नो घरमा पनि गइन् । भरत विमल जी जेठ-असार तीर, त्रिपाठी जी श्रावणमा र २०६० असोज देखि नै छोराको किडनीको उपचारमा रहनु भएको महतो जी छोराको दिल्लीमैं देहावसान पछि भाद्र असोजमा नेपाल फर्कनुभयो होला जस्तो लाग्छ । सबै तिथि मलाई पनि कण्ठस्थ छैन अलि तलमाथी पनि भएको हुन सक्छ । आन्दोलनको क्रममा दर्जनौ चोटी समातियौ र छाडिन्थ्यौं । तर एकचोटी कर्फ्यूमा हनुमानढोकाबाट जुलुस निकालेपछि सुन्धारामा म लगायत राजेन्द्र महतो, मनिष सुमन, राजनारायण साह, बिक्की यादव समातिए र जनसेवा प्रहरीमा राख्यो । पछि त्यहाँ उर्मिला पाण्डे र भरत विमल जी लाई पनि ल्याएर राख्यो । सबैजनालाई एक महिनासम्म राख्यो । पछि एक एक गरि छाड्दै गर्‍यो । मलाई २०६२ साल फागुन तीन गते रिहा गरेको थियो । त्यस पछि आन्दोलन निरन्तर अगाडी बढदै गयो । आन्दोलन सफल भयो र लोकतन्त्रको घोषणा भयो ।

अन्तरिम संसद र सरकार

जनआन्दोलन-२ सफल भएपछि अन्तरिम संसद गठन भयो । हाम्रो पार्टीले तीन जनालाई अन्तरिम संसदमा पठाउने सिट पायो । त्यसमा कस-कसलाई पठाउने भने छलफल भयो । आन्दोलनमा सर्वाधिक खटेको व्यक्तिको नाताले एक सिट पाउदाँ पनि पहिलो अधिकार मेरो हुने अवस्था थियो । र, पार्टीमा मेरो योगदानको चर्चा गर्दै कसैले मरो नाम प्रस्ताव पनि गर्‍यो तर, हृदयेश त्रिपाठीले सिधै मेरो विरोध गरेको र भरतजीले अडान लिन नसक्नु भएकोले मेरो हकको सीट बर्दियाको गोवीन्द थारुलाई दिईयो । र, त्यसकारण म अन्तरिम संसदमा सांसद बन्न सकिन् । आनन्दी देवी सिंह, भरत विमल यादव र गोविन्द थारुलाई सांसद बनाइयो । पछि सरकारमा जाने कुरालाई लिएर पनि पार्टीमा छलफल भयो त्यहाँ पनि हृदयेश त्रिपाठीले माता जी (आनन्दी देवी) ले जे गर्नुहुन्छ जसलाई पठाउनु हुन्छ त्यही जान्छ भनि कुरा ल्याउनु भयो । हृदयेश त्रिपाठीले त पहिलादेखि नै माताजी लाई मिलाएर वा मनाएर राख्नु भएको थियो र माताको कृपाले हृदयेश त्रिपाठी नै अन्तरिम सरकारमा मन्त्री हुन जानुभयो । त्यसपछि जब माओवादी सरकारमा आउने बेला भयो र अर्को सरकार बन्यो राजेन्द्र महतो मन्त्री बन्नुभयो । दुबै सदभावनाको एकिकरण गरि मधेशवादलाई मजबुत पार्ने पवित्र उद्देश्यका साथ पार्टी एकिकरण अभियान चलाएर हामीले दुई खेमामा रहेको सद्भावना पार्टीलाई एक गर्ने काम गर्‍यौं । एकिकृत सदभावना पार्टीको म त्यसै एकिकरण पछि महासचिव भए । त्यस एकताले नेपाली कांग्रेस पार्टीलाई त्यसैबेला हुने कार्यक्रम रहेको संविधान सभाको निर्वाचनमा धक्का लाग्न पक्का थियो र त्यसै कारण पार्टीमा कांग्रेस सभापति गिरिजा बाबुको सहयोगमा विवाद । जना गरियो । पछि पार्टीको विवादले गिरीजाप्रसाद कोइरालाले राजनीति दाउ खेलेर राजेन्द्र महतोलाई पदबाट राजीनामा दिन बाध्य पार्नु भयो र उनैमाताजीको कृपाले श्यामसुन्दर गुप्ता पनि मन्त्री बन्नुभयो । यहाँ यो कुरा उल्लेख गर्नु आवश्यक हुनेछ, जब राजेन्द्र जी लाई मन्त्रीबाट हटाउने कुरा भयो, आनन्दी देवी सिंह जी को भाईले मलाई बोलाएर तपाईं मन्त्री बन्नुस्, हामी मौका दिन्छौं भन्नु भयो तर मैंले कसैको पिठ्युमा छुरा रोपेर मन्त्री नबन्ने भनेको थिएँ ।

**मेरो अपहरण**

एकचोटी पार्टीको आधिकारीकताका लागी बहुमत देखाउन निर्वाचन आयोगले स-शरिर उपस्थित हुन राजेन्द्र महतो र आनन्दी देवी सिंह पक्षधर केन्द्रिय सदस्य र पदाधिकारीलाई बोलायो, त्यसबेला स्वाभाविक रुपले म राजेन्द्र महतोको पक्षमा थिए । मैले घरबाट निस्केर आफ्नो छोरालाई स्कूलमा छोडेर बाहीर निस्कें, पहिले नै कुरा भए अनुसार लक्ष्मणलाल कर्ण गाडि लिएर त्यतैबाट आउनु भयो । म गाडिमा चढें र हामी बानेश्वर तीर लाग्दै थियौं कि त्यतिकैमा राजेन्द्र महतोको फोन आयो । उहाँले सुन्धारामा बसेका एक जना केन्द्रीय सदस्य आनन्द मोहपाललाई पनि लिएर आउन भन्नुभयो र हामी त्यहीबाट होटेल न्यू भ्यालीमा सुन्धारा गयौं । त्यहाँ रामेश्वर राय यादव लगायतका व्यक्तिहरु पहिले देखि थिए, म आनन्द जी लाई जान आग्रह गरें, अरु सबै हाम्रा विपक्षिहरु भएकोले एकछिन भनाभन भयो र मलाई ढिलो भएको देखेर होला, त्यतिकैमा लक्ष्मणलाल कर्ण त्यहाँ आईपुग्नु भयो ।

म देवेन्द्र मिश्र बसेको कोठामा गएँ, त्यहाँ श्यामसुन्दरको छोरा, विकास तिवारी, कुमरनाथ मिश्र आएर मलाई जवर्जस्ती उठाएर एउटा पहेंलो प्लेटको गाडी सायद कुनै संस्थानको सरकारी गाडी थियो त्यसमा राखेर रत्नपार्क, सिहदरवारको अगाडि हुँदै मन्त्री क्वाटर तिर लग्यो । थापाथलीमा रेडलाइट भयो त्यहाँ म भाग्ने प्रयास पनि गरें तर तिनिहरु धेरै जना भएकोले म फुत्किन सकिन् । मलाई मन्त्री निवास पुल्चोकमा लग्यो । मन्त्री श्यामसुन्दर बसेको क्वाटरमा राख्यो र पछि श्यामसुन्दर गुप्ताले मन्त्रीको झण्डावाला गाडीमा लक्ष्मणलाल कर्णलाई पनि त्यहीं ल्याए । दुवैजनालाई छुट्टा छुट्टै कोठा राखे । त्यहाँ विकास तिवारी, कुमरनाथ मिश्र र श्यामसुन्दरको छोराले पालै पालै मलाई खुबै धम्क्यायो, अपमान गर्‍यो, ज्यान मार्ने धम्की दियो, मानसिक र शारीरिक यातना दियो । श्यामसुन्दर गुप्ताले पनि गाली गर्दै ज्यान मार्ने धम्की दियो । उता लक्ष्मण बाबु लाई के गर्‍यो त्यस बेला मैंले थाहा पाउन सकिन् । त्यहाँबाट साँझ हामीलाई छुट्टा छुट्टै गाडीमा सातदोबाटो स्थित एउटा घरमा लग्यो । मन्त्री क्वाटरबाट श्यामसुन्दर गुप्ताले आफ्नै झण्डावाला गाडिमा दुई अवैध हतियारधारी व्यक्तिको साथमा मलाई त्यो घरमा लगेको थियो । त्यो घर अहिलेपनि म झल्झली सम्झी रहन्छु । त्यो अपहरणकारीहरुको नै घर हो, अपहरणलाई नै पेशा बनाएकारुले त्यो घर भाडामा लिएको हुनुपर्छ । त्यहाँ प्रोफेशनल गुण्डाहरु थियो । सबैजना हतियारका साथ थिए । तिनिहरुले फोहर फोहर गाली गर्ने र हप्काउने काम गर्थ्यो । म उनिहरुको प्रतिवाद गर्थे । सायद लक्ष्मण बाबु नभएको भए तिनिहरु मलाई मारेर फाल्थे होला । म प्रतिवाद गर्दा उहाँले मलाई सम्झाउनु भयो, जे हुन्छ हुन्छ, तपाई केही नबोल्नु । त्यसपछि म बोल्न छाडे । हतियार त त्यहाँ हामीलाई घेरेर राखेका सबैसँग थियो, बेला बेलामा हतियार देखाउँदै धम्काउने पनि गरिन्थ्यो । पछि, आनन्दी देवी सिंहको पक्षमा निर्णय भईसके पछाडी हामीलाई श्यमासुन्दर गुप्ताले बालकुमारी निर ल्याएर छाडेको थियो । हामी पछि नाम नै परिवर्तन गरि अर्को पार्टी, सद्भावना पार्टी गठन गर्‍यौ त्यसको म महासचिव रहि रहें ।

**सविधानसभाको चुनाव र सरकार**

सविधानसभाको चुनावमा म सर्लाही क्षेत्र ६ बाट लड्ने निर्णय गरेका थिए । किनभने त्यो क्षेत्रमा मैले २०५४ सालदेखि नै काम गरेका थिएँ । त्यहाँको जनतालाई म राम्रोसँग चिनेको छु, मलाई पनि राम्रोसँग चिनेको छ । म त्यही पढेको, हुर्केको कारण त्यो क्षेत्रप्रति मेरो धेरै माया छ । हुन त रौतहटको एक नम्बर क्षेत्र पनि राम्रो छ ,मैले कुनै पदमा नगएपनि आफूले भ्याएसम्म विकासको काम गरेको छु र त्यो जनताले मूल्यांकन गर्ने नै छ । म त्यो क्षेत्रबाट जित्छु भनेर पुरा विश्वास लागेको थियो तर मधेशवादी दलहरु मिलेर जाने कुरा भए पछि म तमलोपाका अध्यक्ष महन्थ ठाकुरलाई त्यो क्षेत्र छाडिदिएँ । र, पछि म समानुपातिक निर्वाचन प्रणाली बाट निर्वाचित भएँ । एकिकृत माओवादीको नेतृत्वमा सरकार गठन भयो मलाई त्यो सरकारमा जाने इच्छा भएन्, किनभने एउटै मन्त्रालय दिइएको थियो र हामीले राजेन्द्र महतोलाई पठाउने निर्णय गर्‍यौ किनभने उहाँलाई अघिल्लो सरकारका बेला आनन्दी देवी सिंहले वहाँलाई काम गर्न दिनु भएन, र प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले षड्यन्त्र गरि कार्यकाल अगावै राजीनामा दिने वातावरण श्रृजना गर्नु भयो । त्यसैले हामी उहाँलाई नै पठाउने निर्णया गर्‍यौ र हामी सरकारमा गयौं । माओवादीका अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीबाट राजीनामा दिइएपछि माधव नेपाल को नेतृत्वमा सरकार बन्यो त्यो सरकारमा विना विभागीय मन्त्री बन्ने मेरो इच्छा थियो, तर खोई किन म मन्त्री हुन सकिन् । सायद मेरो पक्षमा पार्टीमा बहुमत नभएको कारणले होला, म हुन सकिन् ।

मेरो योगदानको कुरा गर्नुहुन्छ भने म मधेशको लागि के के गरे त्यो जनताले मूल्यांकन गर्छ, कुनै व्यक्ति विशेषले गरेर हुदैन । मधेशको लागि ज-जसले योगदान दिए के ती सबै मन्त्री बने त, बनेन नी । यहाँ जसले मधेशको लागि काम गरे, त्यसको कदर कम हुन्छ । म अहिले जहाँ छु त्यहाँ पनि मधेशको लागि लडिरहेको छु । राज्य पुनः संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिको सदस्य छु । त्यसमा मधेशीको अधिकारको कुरा सबभन्दा बढी उठाउने व्यक्ति मै हुँ । समितिको प्रतिवेदनको बुँदा नं. १७ मा मधेशीको अधिकारको कुरा मैले आफ्नै बलबुताले राख्न बाध्य पारेर राखेको हुँ र यस्ता संघर्षहरु जारी रहन्छ चाहे कसैले मूल्यांकन गरोस वा नगरोस् ।

**स्वाभिमान यात्रा र नयाँ पार्टी**

पार्टीले निर्णय गरेर स्वभिमान यात्रा गरेको थियो, त्यो राम्रो कुरा हो । ज-जससँग स्वभिमान बाँडने स्थिति थियो यात्रामा भाग लिन गयो, मसँग स्वभिमान बाँडने स्थिति थिएन र म यात्रामा गइन् । पछि राजेन्द्रजीसँग मेरो कुरा मिलेन । म त्यहाँबाट अलग भएर संघीइ सद्भावना पार्टी गठन गरे । त्यही पार्टी लिएर २०७० को चुनावमा भाग लिए । सोचे जसे नतिजा त आएन तर ठिक ठिकै थियो । म आफ्नो संगठन लिएर मधेशका विभिन्न ठाउँमा गए । कार्यक्रम गरे संगठन बनाए । मेरो संगठनले राम्रै काम गरिरहेको थियो ।

त्यतिकै विभिन्न दलहरु मिलेर राजपा नेपाल बन्यो । त्यसमा मलाई पनि सामेल हुन भन्यो तर मलाई त्यसमा सहभागी हुने इच्छा थिएन तर साथीहरुको करकापका सहभागी भए । अध्यक्ष मण्डल प्रणालीमा पार्टी सञ्चालन भएको थियो । २०७४ को चुनाव रौतहटबाट जिते । संगठनका कामहरु भइ नै रहेको थियो । त्यतिकैमा उपेन्द्र यादवको पार्टी समाजवादी पार्टी र राजपा नेपालबिच एकीकरण गर्ने कुरा भयो । म त्यो पार्टीसँग पनि एकीकरण गर्ने पक्षमा थिइनन् । त्यसको मैले विरोध गरेको थिए तर मेरो विरोधको केही भएन । अन्ततः पार्टीहरुको बिचमा एकीकरण भइ जसपा नेपाल बन्यो । तर त्यो जसपा नेपाल लामो समय चलेन । उपेन्द्र यादवको व्यक्तिवादी सोचका कारण हामी लामोसमय त्यहाँ रहन सकेनौ र अलग भएर लोसपा गठन गर्‍यौं । तर लोसपा पनि व्यवस्थित ढंगले चलिरहेको छैन । म अहिले मधेश यात्रामा छु । मधेशी जनताले मलाई के सल्लाह दिन्छ त्यो अनुसार अगाडि बढ्छु ।


**संक्रामक रोगबाट बचौं र बचाऔं ।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305, Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार